


# बार्षिक प्रतिवेदन
# २०२३-२०२४

OXFAM
The future is equal

# हाम्रो उपस्थिति




- बागमती प्रदेश (जिल्लाः धादिङ- बेनिघाट रोराङ गा.पा. र ज्वालामुखी गा.पा., ललितपुर, काठमाण्डौं)
- कर्णाली प्रदेश (जिल्लाः दैलेख- भगवती गा.पा. र डुङ्गेश्वर गा.पा., रूकुम पश्चिम- सानीभेरी गा.पा. र आठबीसकोट न.पा., सुर्खेत- वीरेन्द्रनगर न.पा.)
- मधेस प्रदेशः (जिल्लाः रौतहट, चन्द्रपुर र राजपुर न.पा., सर्लाही- हरिपुर न.पा.)
- सुदूरपश्चिम प्रदेशः (जिल्लाः बैतडी- दशरथचन्द न.पा. र पाटन न.पा., डडेल्धुरा-आलिताल गा.पा., अमरगढी न.पा., गन्यापधुरा गा.पा. र परशुराम न.पा., दार्चुला- व्याँस गा.पा., दुन्हु गा.पा., महाकाली गा.पा. र मलिकार्जुन गा.पा., कञ्चनपुर- बेलडाडी गा.पा., भीमदत्त न.पा., दोधारा चाँदनी न.पा., लालझाडी गा.पा., डोटी- जोरयाल गा.पा., कैलाली- गौरीगङ्गा न.पा., जोशीपुर गा.पा., कैलारी गा.पा., लम्कीचुहा न.पा.)

*पुनश्चः* न.पा. = नगरपालिका
गा.पा. = गाउँपालिका

**आवरणः** नयाँ सिँचाई प्रणाली निर्माणमा सफल वहस पैरवी गरेको खेतमा हर्षित सुदूरपश्चिम प्रदेश डडेल्धुरा स्थित गन्यापधुरा गाउँपालिका-३ की वडा सदस्य प्रमिलादेवी भुल ।

**फोटोः** रसिक महर्जन/अक्सफाम

# विषयसूची


| | |
|---|---|
| **प्रस्तावना** | **५** |
| **२०२३-२०२४ मा हाम्रो पहुँच** | **६** |
| **२०२३-२०२४ का केही झलक** | **६** |
| **अक्सफाम इन्टरनेशनल** | **७** |
| **अक्सफाम नेपाल** | **७** |
| **देशीय लक्ष्य** | **७** |
| **अक्सफामका मूलभूत मूल्य** | **८** |
| **लैङ्गिक न्याय कार्यक्रम** | **९** |
| - निर्मलाको अटो रिक्सा चालक बन्ने चाहना | ११ |
| - परिवर्तनका संवाहकका रूपमा पुरूष | १३ |
| - भिडियो सम्पादनमा मोहन बुढाको मोह | १४ |
| **उत्थानशीलता तथा जलवायु कार्यक्रम** | **१६** |
| - यज्ञ कुमारीको जलवायु अनुकूल कृषि | १८ |
| - बीउ उत्पादनबाट आर्थिक उत्थानशीलता | २० |
| - आपतकालीन कोषः सामुदायिक आत्मनिर्भरता तर्फको पाइला | २२ |
| - जाजरकोट भूकम्पमा प्रतिकार्य | २४ |
| **पानी तथा सरसफाइ र जल सुशासन कार्यक्रम** | **२६** |
| - उज्जवल भविष्यका लागि सुरक्षित खानेपानी | २८ |
| - उत्थानशील जलाशयको निर्माणः जनता-पहिले पद्धति | ३० |
| - उत्थानशील महिलाहरूले बुनेका नदी तटदेखि सफलतासम्मका कथा | ३१ |
| **मानव संसाधन र संगठनात्मक विकास** | **३३** |
| **साझेदारीमा सुधार** | **३४** |
| **दातृ निकायहरू** | **३६** |
| **गैरसरकारी संस्था साझेदारहरू** | **३६** |
| **वित्तीय** | **३६** |




कञ्चनपुर जिल्ला स्थित भीमदत्त नगरपालिका-९ की मनमती कामी अक्सफामले स्थापना गर्न मद्दत गरेको आरनबाट दैनिक लगभग रु ७०० कमाउँछिन् । यसले उनलाई आफ्ना बच्चाहरूको स्कुल र अन्य घरायसी खर्च जुटाउन मद्दत गरेको छ । फोटोः अक्सफाम

# प्रस्तावना

अनुपम प्राकृतिक सौन्दर्य र उत्थानशील समुदायहरूको भूमि नेपाल आज अनेकौँ जटिल चुनौतीहरूको सामना गर्न बाध्य छ । जलवायु परिवर्तनको बढ्दो जोखिम र सङ्कटासन्न जनसंख्यामा यसले पार्ने गम्भीर असरदेखि विकासमा बाधाअवरोध खडा गर्ने असमानतासम्मका चुनौतीहरूका कारण दिगो र प्रभावकारी सहयोगको आवश्यकता रहेको छ ।

अक्सफाम नेपाल नेपाली जनतासँगै उभिएर उनीहरूको सुरक्षित, न्यायपूर्ण र गरिबीमुक्त भविष्य निर्माणमा समर्पित छ । हामीले गर्ने कार्य साझेदारी, ऐक्यबद्धता र समुदाय आफैँले परिवर्तन ल्याउने क्षमता रहेको विश्वासमा आधारित छ । हामी गरिबी छिचोलेर बाहिर आउने र उन्नति पथमा अग्रसर हुने व्यावहारिक एवं नयाँ–नयाँ तरिकाहरूको खोजी गर्न समुदाय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर काम गर्छौं ।

यस प्रतिवेदनमा रहेका विषयवस्तु र कथाहरूले हाम्रा तीन अन्तरसम्बन्धित कार्यक्रमहरु लैङ्गिक न्याय, उत्थानशीलता तथा जलवायु कार्यक्रम र पानी तथा सरसफाइ र जल सुशासन अन्तर्गत सञ्चालन गरिएका विभिन्न परियोजनाका परिणाम र प्रभावका मुख्य अंशहरु प्रस्तुत गर्दै हाम्रा प्रयासहरूको गहिराइ र विविधता देखाउँछन् ।

२०२३–२४ मा हामीले जलवायुजन्य विपद्का चुनौतीहरु भोगिरहेका महिला कृषकहरूको जिविकोपार्जन सुरक्षित राख्न र परिवारको खाद्य सुरक्षा सुनिश्चित गर्न सहयोग पुऱ्यायौँ । हामीले शासन व्यवस्थामा लैङ्गिक समानता प्रवर्द्धन गर्ने र महिलाहरूले नेतृत्व गरेका उद्यम र व्यवसायमा सहयोग गरेर महिला तथा सिमान्तकृत समुदायका आवाज बुलन्द गर्ने र अधिकार सुनिश्चित गर्न उनीहरूलाई सशक्त बनाउन डटेर काम गऱ्यौँ ।

अति सङ्कटासन्न समुदायलाई आपतकालीन अवस्थामा जीवनरक्षाको सहायता पुऱ्याउने हाम्रो प्रतिबद्धतालाई हामीले निरन्तरता दियौँ । अक्सफामले सन् २०२३ नोभेम्बरमा पश्चिम नेपालमा गएको भूकम्पमा तुरुन्तै प्रारम्भिक मूल्याङ्कनका लागि टोली खटायौँ । उक्त मूल्याङ्कनले आवश्यकताको पहिचान गर्न र राहत प्रयासलाई प्रभावकारी र व्यवस्थित गर्न सघायौँ ।

त्यस्तै, हामीले पानी तथा सरसफाइ र जल स्रोत व्यवस्थापनमा सुशासन अभिवृद्धि गर्दै जवाफदेहीता सुनिश्चित गर्ने र जलवायु परिवर्तनले बिगार्दै लगेको असमान जल वितरणको चुनौतीलाई सम्बोधन गर्ने काममा ध्यान केन्द्रित गऱ्यौं ।

हाम्रो काम गर्ने पद्दति र दृष्टिकोण समावेशी र सहकार्यमा आधारित छ । दिगो परिवर्तनको मार्गचित्र तयार गर्न हामी स्थानीय साझेदार, नागरिक समाज र सरकारी निकायहरूसँग मिलेर काम गर्छौं । गरिबी र अन्यायबाट प्रभावित समुदायहरूको आवाजलाई बुलन्द गरी हामी समतामूलक र न्यायपूर्ण समाज निर्माण गर्न सक्छौँ भन्नेमा विश्वास गर्छौं ।

हामी हाम्रा दातृ निकाय, साझेदार र हामीले सेवा वितरण गर्ने समुदायहरूको निरन्तर सहायताप्रति आभारी छौँ । यसरी सँगै मिलेर हामी नेपाली जनताको जीवनमा परिवर्तन ल्याउन लागिपरेका छौँ । गरिबी र अन्यायबाट मुक्त हुने, सबैको प्रगति र उज्ज्वल भविष्य निर्माण गर्ने लक्ष्यमा हामी सदैव समर्पित रही रहने छौँ ।

# २०२३-२०२४ मा हाम्रो पहुँच

प्रत्यक्ष रूपमा
**८८,२३३**
जना मानिससम्म पुगिएको
**६०%** महिला
**२४%** युवा (१५-२४ वर्ष)

लैङ्गिक न्याय
कार्यक्रम मार्फत
**८,५५४**
जना मानिससम्म
पुगिएको ।

उत्थानशीलता
तथा जलवायु
कार्यक्रम मार्फत
**४१,६०५**
जना मानिससम्म
पुगिएको ।

पानी तथा सरसफाइ
र जल सुशासन
कार्यक्रम मार्फत
**३८,०७४**
जना मानिससम्म
पुगिएको ।

# २०२३-२०२४ का केही झलक

४ वटा स्थानीय प्रशासनिक एकाइहरूमा ४ वटा लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति र ४ वटा युवा समिति निर्देशिका तयार गरी स्वीकृत गरियो (दशरथचन्द न.पा., पाटन न.पा., भगवतीमाई गा.पा. र डुङ्गेश्वर गा.पा.)

४ पालिकाहरूमा ४ वटा सेवा म्यापिङ र रेफरल संयन्त्र निर्माण गरियो (दशरथचन्द न.पा. र पाटन न.पा., भगवतीमाई गा.पा. र डुङ्गेश्वर गा.पा.) ।

३ पालिकामा ३ वटा पानी तथा सरसफाइ योजनालाई पालिकाले स्वीकृत गरेको (रोराङ गा.पा., ज्वालामुखी गा.पा. र राजपुर न.पा.) ।

सरकारसँगको सहकार्यमा १ जल सुशासन प्रारूप निर्माण गरिएको ।

जलस्रोत व्यवस्थापन सम्बन्धी सहकार्यका लागि जल तथा ऊर्जा आयोगको सचिवालयसँग सम्झौता पत्रमा हस्ताक्षर गरियो ।

सामुदायिक बीउ बैंकको प्रभावकारी र व्यवस्थित सञ्चालनका लागि सीएसबीको सुदृढीकरण र सञ्चालन सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा पठाइएको ।

महाकाली नदीतटीय क्षेत्रका चार पालिकाहरु (भीमदत्त न.पा., दोधारा चाँदनी न.पा., बेलडाडी गा.पा. र परशुराम न.पा.)ले नगद र भौचर सहायता सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयन गरे ।

३८ व्यावसायिक किसानहरु (२० महिला, १८ पुरुष) ले डिजिटल किसान क्रेडिट कार्ड मार्फत सहुलियत ऋण प्राप्त गरे ।

४५४ किसान (४४% महिला) बीउ उत्पादक उद्यमीका रूपमा स्थापित भए ।

# अक्सफाम इन्टरनेशनल

अक्सफाम गरिबी र अन्यायको अन्त्य गर्न असमानताविरूद्ध लड्नेहरूको विश्वव्यापी अभियान हो । स्थानीयदेखि विश्वस्तरका क्षेत्रमा अक्सफाम रूपान्तरणमूखी परिवर्तन ल्याउन सबैसँग मिलेर काम गर्दछ । विविधता, तथ्यप्रमाण एवं अनुभवमा आधारित हाम्रा कार्यहरूमा हामी जुनसुकै स्थानमा रहेका गरिबी र अन्याय विरूद्ध पक्षधर रहन्छौं ।

अक्सफाम विश्व संस्था हो । यहाँ २१ वटा सदस्य संस्था वा सम्बद्ध संस्थाहरु समावेश छन् । यिनले एसिया लगायतका ७९ भन्दा बढी राष्ट्रमा हाम्रा साझा लक्ष्य प्राप्तिमा सघाउन आफ्ना ताकत र विशेषज्ञता उपलब्ध गराउँछन् ।

अक्सफामको कार्य मानव अधिकारको सार्वभौमिकता प्रतिको प्रतिबद्धतामा आधारित छ । अपनाइएको नारीवादी पद्धतिले हाम्रा विश्लेषण, कार्य र अन्तरक्रियालाई मार्गनिर्देशित गर्दछ ।

हाम्रो सोच न्यायपूर्ण र दिगो संसारको निर्माण गर्नु हो । त्यस्तो संसार जहाँ मानिससँगै हाम्रो संसार न्यायिक अर्थतन्त्रको केन्द्रमा हुन्छ । त्यस्तो संसार जहाँ महिला, किशोरी र बालिकाहरु लैङ्गिक हिंसा र विभेदबाट मुक्त रहन्छन् । जहाँ जलवायु संकटलाई नियन्त्रणको दायरामा राखिन्छ र समावेशी तथा जवाफदेही शासन प्रणालीले सत्तामा रहेकाहरूलाई उत्तरदायी बनाउँछ ।

# अक्सफाम नेपाल

विश्वको दक्षिण भागमा जरो गाडेको उपनिवेशविरोधी नारीवादी दृष्टिकोणबाट प्रेरित मानवीय सेवा र विकासवादी संस्था अक्सफामको नेपाल मिसन भनेको सबै प्रकारका विभेद र सामाजिक अन्यायहरु अन्त्य गर्नु हो । थुप्रै जनता, संघ संस्थाहरूसँगको घनिभूत सहकार्य र साझेदारीमा अनेकौं विकास, मानवीय सेवा र प्रभावकारी पहलहरु मार्फत अक्सफाम सन् १९८० को दशकदेखि नै नेपालमा कार्यरत छ । अक्सफाम नेपालका चार देशीय लक्ष्यहरु पूरा गर्ने लैङ्गिक न्याय, उत्थानशीलता तथा जलवायु कार्यक्रम एवं पानी तथा सरसफाइ र जल सुशासन शीर्षकका तीन वटा अन्तरसम्बन्धित कार्यक्रमहरु छन् ।

# देशीय लक्ष्य

लक्ष्य १ – हामी महिला, किशोरी एवं बालिकाहरूले स्वतन्त्र छनोटको अभ्यास गरेका, समान अवसरहरु पाएको र सामाजिक समोशीकरणको वृहत्तर प्रगति भित्र रहेको नेपालको विकासमा उनीहरूले ठोस र व्यापक नेतृत्व भूमिका पाएको देख्न चाहन्छौं ।

लक्ष्य २ – हामी शहरी र ग्रामीण क्षेत्रका युवा, महिला र विपन्न सीमान्तकृत समूहहरूसँग उत्थानशील जीविकोपार्जन र मनग्गे आयआर्जन भएको हेर्न चाहन्छौं ।

लक्ष्य ३ – हामी स्थानीयकृत गरिएका जोखिम व्यवस्थापन र प्रतिकार्यमार्फत विपद्हरूको सामना गर्ने क्षमता वृद्धि भएको उत्थानशील समुदायहरु देख्न चाहन्छौं ।

लक्ष्य ४ – हामी सुदृढ जल सुशासन र वातावरणीय व्यवस्थापन तथा जलवायु संकटलाई सम्बोधन गर्ने क्षमता विकास भएको देख्न चाहन्छौं ।

# अक्सफामका मूलभूत मूल्य

## समानता

हामी सबैलाई न्यायोचित व्यवहार गरिने अधिकार छ र सबैले समान अधिकार र अवसरहरु पाउनु पर्छ भन्नेमा विश्वास गर्छौं ।

## समावेशीता

हामी विविधता र भिन्नतालाई आत्मसात् गर्छौं तथा गरिबी र अन्यायविरूद्धको संघर्षमा सबै मानिस र समुदायहरूको दृष्टिकोण तथा योगदानको कदर गर्छौं ।

## सशक्तिकरण

हामी मानिसका जीवन र उनीहरूलाई प्रभावित गर्ने निर्णयहरूको सम्मान गर्छौं र तिनको विकास गर्छौं ।

## जवाफदेहीता

हामी आफूले गरेका कामको जिम्मेवारी लिन्छौं । हामीसँग यस क्रममा जोडिने जोसुकै व्यक्तिहरूप्रति उत्तरदायी रहन्छौं ।

## ऐक्यबद्धता

हामी एकअर्कासँग हातेमालो गर्छौं, सघाउँछौं र न्यायपूर्ण र दिगो संसार निर्माण गर्न सहकार्य गर्छौं ।

## साहस

हामी सत्य र न्यायपूर्ण उद्देश्यका पक्षधर हौं र यिनका लागि आत्मविश्वासका साथ काम गर्छौं ।

# लैङ्गिक न्याय कार्यक्रम



सुदूरपश्चिम प्रदेश स्थित डडेल्धुरा जिल्लाको गन्यापधुरा गाउँपालिकामा बैठकमा भाग लिँदै महिला समूहका सदस्यहरु । फोटोः रसिक महर्जन/अक्सफाम

**लैङ्गिक न्याय कार्यक्रम** लैङ्गिक विभेदको अन्त्य गर्न र महिला, किशोरी, बालिका एवं अन्य लैङ्गिक पहिचान भएका मानिसहरूका जीवन हिंसा मुक्त भएको सुनिश्चित गर्न प्रतिबद्ध छ । यस कार्यक्रमले महिला, किशोरी, बालिकाहरूलाई उनीहरु विरूद्ध हुने हिंसाबाट मुक्त गराई सशक्तिकरण मार्फत नेतृत्वका पदहरूमा पुऱ्याउन पहल गर्दछ । यस कार्यक्रमको उद्देश्य महिला नेतृहरूका सामाजिक र लैङ्गिक रूपान्तरणमुखी नेतृत्वका लागि क्षमता अभिवृद्धि गर्नु हो । यसले महिलाहरूको नेतृत्व क्षमता अभिवृद्धि गर्दै उनीहरूका परिवार तथा पुरूष नेताहरूसँग सहकार्य गरेर लैङ्गिक मैत्री वातावरण निर्माण गर्ने लक्ष्य राख्छ ।

यो कार्यक्रम "सामाजिक समावेशीताको वृहत्तर प्रगति भित्र महिला, किशोरी र बालिकाहरूसँग स्वतन्त्र रोजाइ, समान अवसरहरु छन् र नेपालको विकासमा उनीहरूले अर्थपूर्ण नेतृत्व भूमिका एवं पदहरु हासिल गर्न सक्छन्" भन्ने लक्ष्यसँग जोडिएको छ । यो शक्ति सन्तुलनमा रहेको समस्या हल गर्ने र अन्ततः विद्यमान प्रणालीहरूको रूपान्तरण गर्न सक्ने संरचनात्मक परिवर्तन कार्यान्वयन गर्न पनि लागिपरेको छ ।

वर्ष २०२३-२०२४ मा लैङ्गिक न्याय कार्यक्रम ८,५५४ मानिसहरूसम्म पुग्यो जस अन्तर्गत ७० प्रतिशत महिला र ४८ प्रतिशत युवाहरु पर्दछन् (१५-२४) ।

लैङ्गिक न्याय कार्यक्रमले राजनैतिक व्यवस्था र सरकारमा रहेका उदीयमान युवा महिला नेता र निर्वाचित महिला नेताहरू दुवैको ज्ञान, सीप र विश्वास सुदृढ गर्ने काम गर्‍यो । सुदूरपश्चिम प्रदेश स्थित डडेल्धुरा जिल्लाका अमरगढी न.पा र गन्यापधुरा गा.पा र बैतडी जिल्लाका पाटन र दशरथचन्द न.पा.मा चार वटा महिला नेतृत्वका मञ्चहरु स्थापना गरिएको थियो र अहिले स्थानीय सरकारी स्तरमा सञ्चालनमा छन् । यी मञ्चले महिलाहरूलाई लैङ्गिक हिंसा र अर्थपूर्ण राजनीतिक सहभागिता जस्ता मुद्दाहरूमा स्थानीय सरकारसँग सहकार्य गर्न सक्षम तुल्याउँछन् । उनीहरूले स्थानीय सरकारसँगको सहकार्यमा लैङ्गिक नियमहरूको सामुदायिक र पारिवारिक बुझाइमा सुधार गर्नुका साथै राजनीति र सरकारमा युवा तथा उदीयमान महिलाहरूको नेतृत्व क्षमता विकास पनि गरेका छन् । परिणामस्वरूप, महिलाहरु राजनीतिक दल, समिति र अन्य सम्बद्ध निकायहरु भित्र एकताबद्ध भई सक्रिय रूपमा लागि परेका देखिन्छन् ।

यस कार्यक्रमले युवाहरूलाई महिला तथा बालिकाहरूको हिंसाको कारक पितृसत्तात्मक संरचना र नकारात्मक परम्परागत नियमहरु लाई चुनौती दिन पनि सशक्त बनाएको छ । विषेशतः ९०० जना युवा र २० वटा युवा केन्द्रित सेवामा समर्पित संघसंस्थाहरूले लिङ्ग, महिला अधिकार, पितृसत्ता, सामाजिक कुरीति, पारिश्रमिक प्राप्त नहुने काम र युवा सहभागिता जस्ता विषयमा प्रशिक्षण प्राप्त गरे । यी युवाहरूले अहिले सकारात्मक व्यवहार, मनोभाव र सामाजिक प्रथाहरूलाई सक्रिय रूपमा सञ्चार गरिरहेका छन् ।

त्यसैगरी यस कार्यक्रमले नारीवादी सिद्धान्तहरु, लैङ्गिक समानता र सामाजिक समावेशीताको मूलधार र नीतिगत वकालतमा नागरिक समाजका संघसंस्थाहरूको क्षमता अभिवृद्धि गर्ने काम पनि गर्‍यो । फलस्वरूप, तीन सिएसओहरूले प्रभावकारी, पारदर्शी र जवाफदेही लैङ्गिक न्याय वा लैङ्गिक मूलधारका कार्यक्रमहरु सञ्चालन गर्ने बलियो क्षमता बनाएका छन् ।

कार्यक्रममा ६५ जना निर्वाचित पुरूष नेताहरु र २५० परिवारका पुरूष सदस्यहरु (पति र ससुराहरु) लाई लैङ्गिक हिंसा, पारिश्रमिक प्राप्त नहुने हेरचाह कार्यसँग सम्बन्धित समस्याहरु लगायत महिला नेतृत्व भूमिका सचेतना सम्बन्धी तालिम दिइएको थियो । यसले महिला नेतृत्वहरूप्रतिको दृष्टिकोणलाई सकारात्मक बनाउने काम गर्‍यो । यसका अतिरिक्त (कर्णाली प्रदेश स्थित दैलेख जिल्लाको भगवतीमाई गाउँपालिका र डुङ्गेश्वर गाउँपालिका र सुदूरपश्चिम प्रदेश बैतडी जिल्लाका पाटन नगरपालिका र दशरथचन्द नगरपालिका) चार वटा लक्षित पालिकाहरूमा सेवा म्यापिङ र रेफरल संयन्त्रहरु स्थापना गरिएको थियो जसको परिणामस्वरूप लैङ्गिक हिंसामा परेका २९ जनाले सहयोग प्राप्त गरे ।

# निर्मलाको अटो रिक्सा चालक बन्ने चाहना

सुदूरपश्चिम प्रदेश कञ्चनपुर जिल्ला भीमदत्ता नगरपालिका-९, मुसेट्टीकी निर्मला दमाई भिरालो जमिनमा रहेको पराल र प्लास्टिकको छानाले छाएको घरमा बस्छिन् । आफ्नो परिवारको हेरचाह गर्नु र कठिन भूमिमा काम गर्नु उनको दिनचर्या हो । तर पनि उनले अटो रिक्सा चालक बन्ने सपना देखेकी छिन् । यो सपना उनको जस्तो दुर्गम गाउँमा बस्नेहरूका लागि आकासको फलझैँ लाग्छ । आपतकालिन अवस्थामा पनि यातायात सेवा दुर्लभ छ । मनसुनको वर्षाले नियमित रूपमा उनको घर पुग्ने सडक भत्काइ रहन्छ ।

यी कठिन चुनौतीहरूका बीच पनि निर्मलाले हार मानिनन् । अटो रिक्सा चालक बन्ने दृढ इच्छाबाट प्रेरित उनले यसका लागि मनग्गे त्याग पनि गरिन् । उनले हरेक दिन आफ्ना साना बालबच्चाहरूलाई घरमा छोडेर प्रशिक्षणका लागि महेन्द्रनगर जानु पर्थ्यो । यही समर्पणभाव र अथक मेहनतले अन्ततः उनलाई दक्ष चालक बनाई छाड्यो ।

निर्मला मौसमी आप्रवासी परिवारहरूमा आर्थिक उत्थानशीलता विकास परियोजनाद्वारा गठन गरिएको मुसेट्टी महिला सशक्तीकरण केन्द्रको सदस्य हुन् । यो परियोजनालाई कोइका संस्थाले सहयोग गरेको छ भने कञ्चनपुर जिल्लामा स्थानीय संस्था निड्स नेपालसँगको साझेदारीमा अक्सफामले कार्यान्वयन गरेको छ । यस परियोजनाले निर्मला जस्ता महिलाहरूलाई सीप अभिवृद्धि प्रशिक्षण र आय आर्जन गर्ने अवसर प्रदान गर्दै उनीहरूलाई गरिबीको चपेटाबाट उम्कने बाटो देखाएर सशक्त बनाएको छ ।

निर्मलाले प्रशिक्षण कार्यक्रमको बारेमा थाहा पाएपछि अटो रिक्सा चालक बन्ने आफ्नो सपना साकार गर्ने यो अवसरको सदुपयोग गरिन् । सुरूमा चासो देखाउने तीन जना महिला छनोट भएता पनि यो काम निर्मलाले मात्र फत्ते गर्न सकिन् । एक महिनाको गहन प्रशिक्षण पछि उनी अहिले योग्य अटो चालक बनिन् ।



सुदूरपश्चिम प्रदेश स्थित कञ्चनपुर जिल्लामा रहेको तालिम केन्द्रमा अटो चालकको अभ्यास गर्दै निर्मला दमाई । फाटोः निर्मला दमाई



^ आफ्ना बालबच्चा सहित निर्मला दमाई र साथमा अक्सफाम हङकङ्का ब्राण्ड एम्बेसडर चिउ फूङ ।
फोटोः पून वाइ नाङ/अक्सफाम

"म अब आत्मविश्वासले भरिपूर्ण चालक भएकी छु," निर्मला गर्वका साथ भन्छिन् । "यो काम सुरूमा चुनौतीपूर्ण देखिए पनि निरन्तरको मेहनतले मैले सिकिछाडेँ । तर अहिले आएर भने मलाई एउटा ठूलो समस्याले सताइहेको छ । मैले आफ्नै अटो रिक्सा किन्न सकेको छैन । त्यसैले योग्य भए पनि म काम नगरी घरमै बसेकी छु ।"

निर्मलाको अवस्था साँच्चै दयनीय छ । उनीसँग सानो टुक्रो जमिन छ जहाँ उनी थोरै धान र गहुँ लगाउँछिन् । तर माटोको खराब गुणस्तर र प्रतिकूल मौसमका कारण प्रायः बाली खासै फस्टाउँदैनन् । यस वर्ष त उनले धान रोप्न पनि सकिनन् । उनका पति सुनील दमाई भारतको बैंगलोरमा काम गर्छन् र सकेको पैसा घर पठाउँछन् । उनी विगत १२-१३ वर्षदेखि त्यहाँको होटलमा काम गर्दै आएका छन् ।

उनको आम्दानीले भरथेग गर्ने भए पनि परिवारका आवश्यकताहरु पूरा गर्न यो पर्याप्त छैन । उनीहरूका तीन छोराछोरी छन् । जेठो छोरा किरण, छोरी रिया र कान्छो छोरा आर्यन क्रमशः कक्षा ७, ३ र १ मा पढ्छन् । उनीहरूको शिक्षाका लागि निर्मलाले निरन्तर संघर्ष गर्नु परेको छ । परिवारको आम्दानीमा थप मद्दत गर्न उनी नजिकैको वनबाट करी पातहरु संकलन गरी भारतको टनकपुरमा लगेर बेच्छिन् ।

निर्मला हाल आफ्नो सवारी चालक अनुमतिपत्र प्राप्त गर्न जुट्दैछिन् । उनी दैनिक १,५००-२,००० रूपैयाँ आम्दानी होला भन्ने पूर्वानुमानसहित मुसेट्टी, ब्रह्मदेव र महेन्द्रनगरका बीच आफ्नै अटो रिक्सा चलाउने आसमा छिन् । यसले उनको परिवारलाई उज्यालो भविष्य दिनेछ ।

*मौसमी आप्रवासी परिवारका लागि आर्थिक उत्थानशीलता निर्माण परियोजनालाई कोइकाले यस वर्षको उत्कृष्ट मध्ये एक अभ्यासका रूपमा छनोट गरेको छ ।*

# परिवर्तनको संवाहकका रूपमा पुरुष

सुदूरपश्चिम प्रदेश स्थित बैतडी जिल्लाको दशरथचन्द नगरपालिका-११ का २१ वर्षीय करण दत्त पन्त लैङ्गिक समानता प्रवर्द्धन गर्न र सामाजिक कुप्रथाहरूलाई चुनौती दिन पुरुष रोलमोडेलको अवधारणाले महत्वपूर्ण भूमिका खेल्न सक्नेमा विश्वास गर्छन् ।

उनी भन्छन्, "पुरुष रोलमोडल सत्रहरूले पुरुषहरूलाई आफ्ना अनुभवहरु साट्न र भेदभावपूर्ण अभ्यासहरूलाई चुनौती दिने कार्यमा अरूलाई प्रेरित गर्ने प्लेटफर्म प्रदान गर्दछ ।"

करण स्वयम् पनि महिनावारी सम्बन्धी प्रतिबन्धको नकारात्मक असरलाई उजागर गर्ने एक जना पुरुष रोलमोडलबाट प्रभावित थिए । यस अनुभवले उनको दृष्टिकोण बदल्यो जसले उनलाई महिनावारी सम्बन्धी स्वास्थ्यको महत्व थाहा पाउन र भेदभावपूर्ण अभ्यासलाई चुनौती दिन प्रेरित गर्‍यो ।

करणले ती रोल मोडलको परिवारको तुलनामा आफ्नो परिवारमा महिनावारीको समयमा महिलाहरूलाई कसरी व्यवहार गरिन्थ्यो भन्ने कुरामा स्पष्ट भिन्नताहरु देखे ।

"मेरो रोल मोडलको परिवारमा महिला र किशोरीहरूलाई महिनावारीको समयमा भेदभाव र दुर्व्यवहार गरिएको थिएन । मैले महिलाहरु महिनावारी हुँदा पनि सबै सँगै मिलेर काम गरिरहेको देखेँ", करण बताउँछन् ।

आफूले देखेका अत्यन्त समावेशी अभ्यासहरूबाट प्रेरित भई करणले आफ्नो परिवार भित्र पनि भेदभावपूर्ण अभ्यासहरूलाई चुनौती दिन थाले । उनी अहिले आफ्नो अध्ययनको सिलसिलामा घरबाट टाढा कोठा भाडा लिएर बस्छन् र महिलाहरूको महिनावारी चक्रप्रति आदर देखाउँछन् र बिना कुनै पूर्वाग्रह यसको वकालत गर्छन् ।



आफ्नो अनुभव सुनाउँदै सुदूरपश्चिम प्रदेश स्थित बैतडी जिल्लाका करण दत्त पन्त । फोटोः रचना मुखिया/अक्सफाम

## पुरूष रोलमोडल

युवा-नेतृत्वद्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पहल परियोजना, युरोपेली संघसँगको आर्थिक सहयोगमा युवालय र सीमान्तकृत महिला संघ (वाम) को साझेदारीमा अक्सफामले पुरूष रोलमोडल पद्धतिको सुरूवात गरेको थियो ।

यो पद्धति लैङ्गिक समानता, महिला अधिकारको वकालत, परम्परागत लैङ्गिक अभ्यासहरूलाई चुनौती दिने र सबै लिङ्गहरूप्रति समान अवसरहरूको प्रवर्द्धनमा योगदान गरेका व्यक्तिहरूले सहजीकरण गर्ने व्यवहार परिवर्तन सत्रहरूमा केन्द्रित थियो । यो कार्यक्रम १६-३० वर्ष उमेरका युवाहरूमा लक्षित थियो । यसले उनीहरूलाई प्रेरणादायी पुरूष रोलमोडलहरूबाट सिक्ने र लैङ्गिक समानता तथा सामाजिक समावेशीताका बारे छलफलमा संलग्न हुने अवसर प्रदान गऱ्यो ।

यसमा आफ्नो काम र वकालत मार्फत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न सक्रिय रूपमा योगदान गरेका स्थानीय पुरूष रोलमोडलहरू रहेका थिए । यी रोलमोडलहरूले आफ्ना व्यक्तिगत कथा र अनुभवहरू साटेर सहभागीहरूलाई लैङ्गिक भूमिकाका बारेमा आफ्ना धारणामा पुनर्विचार गर्न र दैनिक जीवनमा थप समावेशी अभ्यासहरू अपनाउन प्रेरित गर्ने लक्ष्य राखेका थिए ।

# भिडियो सम्पादनमा मोहन बुढाको मोह

कर्णाली प्रदेश दैलेख जिल्ला डुङ्गेश्वर गाउँपालिका-६ का १९ वर्षीय युवा मोहन बुढा सङ्गीत र नृत्यमा धनी कहलाउने समुदायमा हुर्किए । उनको आँखा विस्तारै कम्प्युटर र भिडियो सम्पादनमा पर्न थाल्यो । जीविकोपार्जन र सीमित आर्थिक स्रोतका कारण खेतीपातीमा निर्भर रहेको उनको परिवारले उनलाई औपचारिक कम्प्युटर प्रशिक्षण दिलाउन सकेको थिएन ।

"मेरो स्कुलमा कम्प्युटर त थियो तर मैले खासै प्रयोग गर्न पाइनँ । कम्प्युटर सिक्न पाउनु सपना झैं लाग्थ्यो," मोहनले खुलाए ।

दक्षिण कोरियाको वाईजी इन्टरटेनमेन्टको आर्थिक सहयोग र युवालयसँगको साझेदारीमा अक्सफामले सञ्चालन गरेको युवासँगको हाम्रो सहयात्रा परियोजनाबाट सहयोग प्राप्त भएपछि मोहनको अवस्था फेरियो । यस सहयोगबाट उनले दुई महिनाको आधारभूत र तीन महिनाको एड्भान्स कोर्स पूरा गरे जसले उनका सम्भावनाहरूमा मनग्गे निखार ल्यायो ।

मोहन उत्साहित हुँदै भन्छन्, "एडभान्स कोर्समा एडब प्रिमियर प्रयोग गरेर भिडियो सम्पादन गर्ने, एडब फोटोसपबाट फोटो सम्पादन, साउण्ड रेकर्डिङ र क्यामेरा चलाउने सीप पर्छन् ।"

मोहनको अनुभव युट्यूब हुँदै म्युजिक भिडियोतिर पनि लम्किन थाल्यो । ती कक्षाहरूका कारण मोहनले अहिले सिकाइका थप चरण पनि पूरा गरेका छन् र आफ्नै भिडियोहरू बनाएर आफ्नै च्यानलबाट अपलोड गर्न थालेका छन् । भिडियो सम्पादनप्रति मोहनको मोह उनको सांस्कृतिक सम्पदासँगको गहिरो सम्बन्धसँग ठ्याक्कै जोडिन्छ किनकि त्यसमार्फत उनी

लोकसङ्गीत, ***देउडा*** र ***लहरे पैचारी*** जस्ता नृत्यहरु देखाउन सक्छन् । भविष्यमा उनले तिनको संरक्षण र प्रवर्द्धनमा समर्पित भिजुअल स्टुडियो खोल्ने सोच राखेका छन् ।

मोहनको यस कथाले युवासँगको हाम्रो सहयात्रा जस्ता कार्यक्रमले कसरी युवाहरुको सपना साकार गर्न सघाउँछ, उनीहरुको उज्ज्वल भविष्य निर्माण गर्न, आफ्नो सम्पदा र संस्कृतिमा रम्न र संरक्षण गर्ने क्रममा उनीहरुको समुदायलाई प्रेरित गर्न सक्षम तुल्याउँछ भन्ने कुराको उदाहरण दिन्छ ।



तालिम केन्द्रमा एडब फोटोसपको अभ्यास गर्दै कर्णाली प्रदेश स्थित दैलेख जिल्ला डुङ्गेश्वर गाउँपालिकाका मोहन बुढा । फोटोः मोहन बुढा

**"म भिजुअल स्टुडियो खोल्न चाहन्छु," उनले भने । "मलाई भिडियो सम्पादन मनपर्छ । यो काम म जीवनयापनका लागि गर्न चाहन्छु ।"**

## युवासँगको हाम्रो सहयात्रा

नेपाल विविध जातीय र भाषिक समूहहरुको साझा घर हो जहाँ हरेकको आफ्नै फरक परम्परा, चलनचल्ती, गीतसङ्गीत, कला र नृत्यहरु छन् । सङ्गीत नेपाली संस्कृतिको अभिन्न अंग नै हो । विभिन्न परम्परागत वाद्यवादन यन्त्रहरु (जस्तै मादल, सारङ्गी, सनाई, नरसिङ्गा, झ्याम्टा, दमाहा, मुरचुङ्गा आदि) र विधाहरु पुस्तौंदेखि चलिआएका छन् ।

तथापि स्थानीय सङ्गीत, कला र संस्कृतिको प्रयोगलाई सहर केन्द्रित साङ्गीतिक ब्यान्ड र समूहहरुले पाखा लगाइरहेका छन् । सामाजिक सञ्जाल (टिकटक, इन्स्टाग्राम, युट्युब) को बढ्दो प्रयोगले पुराना सङ्गीतकार, गायक र लोककलाकारहरु डिजिटल ज्ञानको कमीले पछि परेका छन् भन्ने देखाउँछ । तसर्थ, अक्सफामले युवासँगको हाम्रो सहयात्रा परियोजना मार्फत युवाहरुमा स्थानीय लोककला, संस्कृति र डिजिटल साक्षरतालाई अभिवृद्धि गर्न कदम चालेको छ । अक्सफाम र परियोजना साझेदार युवालयले स्वदेशी संस्कृति र सङ्गीतको संरक्षण सुनिश्चित गर्ने र जनचेतना बढाउने माध्यमको रुपमा यसको प्रयोग गर्ने उद्देश्य राखेका छन् ।

यस परियोजनाको उद्देश्य कर्णाली र सुदूरपश्चिम प्रदेशका कैलाली, सुर्खेत र दैलेख जिल्लामा रहेका १५ देखि २४ वर्ष उमेर समूहका युवाका लागि तिनको रुची साकार पार्ने सिकाइ अवसर र स्थान प्रदान गर्नु रहेको छ । यस परियोजनाले युवाहरुको संलग्नता र सशक्तीकरण बढाउन उनीहरुलाई छात्रवृत्ति र डिजिटल साक्षरता शिक्षा पनि प्रदान गर्दछ ।

* *__देउडा__ नेपालको मध्य र सुदूरपश्चिम क्षेत्रको परम्परागत लोक नृत्य र गीत हो जहाँ नृत्यकारहरुको समूहले प्रेम, सामाजिक मुद्दा र स्थानीय परम्पराहरुमा केन्द्रित गीतहरुमा प्रस्तुति दिन्छन् ।*

* *मुख्यतया नेपालको मध्य-पश्चिम र सुदूरपश्चिमी क्षेत्रहरुमा सोही ठाउँका सांस्कृतिक धरोहर दर्शाउने, व्यक्त चाल र कथा वाचनका लागि कहलिएको __लहरे पैचरी__ अर्को परम्परागत नृत्य हो ।*

# उत्थानशीलता तथा जलवायु कार्यक्रम



^ सुदूरपश्चिम प्रदेश स्थित कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिकामा अवस्थित महाकाली नदीको छेउमा आयोजित बाढीको नमुना प्रतिकार्य कार्यक्रममा सहभागी समुदायका सदस्यहरु । फोटोः पून वाइ नाङ/अक्सफाम

**उत्थानशीलता तथा जलवायु कार्यक्रम** प्राकृतिक विपद्को सामना, जीविकोपार्जन सुधार, खाद्य सुरक्षा प्रवर्द्धन र उत्थानशीलता निर्माण गर्ने कार्यमा समुदाय र संस्थाहरूको सुदृढिकरणमा प्रतिबद्ध छ । यस कार्यक्रमले समुदायलाई निरन्तर सहयोग गरिरहेको छ र विपद पूर्वतयारी र प्रतिकार्यका लागि सरकारसँग सहकार्य पनि गर्दछ । हामी जिविकोपार्जन सुधार र आयमा उत्थानशीलता निर्माणका लागि काम गर्दछौँ । यस कार्यक्रमले जलवायु सम्बन्धी आपतकालिन अवस्था र कमजोर वातावरणीय तथा प्राकृतिक स्रोत व्यवस्थापनबाट प्रभावितहरूलाई सहयोग गर्दछ ।

यसको लक्ष्य समुदायहरूको उत्थानशीलता निर्माण र अनुकूलन क्षमता बढाउनु हो । हामी आयमा उत्थानशीलता निर्माणका लागि काम गर्छौं र प्राकृतिक स्रोतहरूको दोहन र अस्थिर ढङ्का निकासी रोक्ने मोडेलहरु विकास गर्ने लक्ष्य राख्छौँ । उत्थानशीलता निर्माण र समाधानका उपाय खोज्न स्थानीय विशेषज्ञता

र महिला नेतृत्व विकास गरी स्थानीय स्वामित्व र सञ्चालनको प्रक्रियालाई बढावा दिन पहल गर्छौं । हामी पर्याप्त, निश्चित र पहुँचयोग्य जलवायु वित्तका लागि वकालत गर्छौं र यसमा उनीहरूको पहुँच सुधार गर्न समुदाय र सरकारहरूसँग मिलेर काम गर्छौं ।

वर्ष २०२३-२४ मा उत्थानशीलता तथा जलवायु कार्यक्रम ४१,६०५ जनासम्म पुग्यो जसअन्तर्गत ५८ प्रतिशत महिला र २८ प्रतिशत युवा (१५ - २४ उमेर समूह) रहेका छन् ।

उत्थानशीलता तथा जलवायु कार्यक्रमले सीमान्तकृत र विपद् प्रभावित महिला तथा युवाहरूलाई उत्पादनमूलक स्रोत र सार्वजनिक तथा निजी क्षेत्रका सेवाहरूमा सहज पहुँच प्राप्त र प्रयोग गर्न मद्दत गर्‍यो । यसले कृषिमा उत्पादन र उत्पादकत्व बढायो । २० जना महिला लगायतका ३८ व्यावसायिक कृषकहरूले हाम्रो पहल मार्फत सहुलियतपूर्ण ऋण प्राप्त गर्न सफल भए । यसबाहेक, ४५४ जना कृषक (४४ प्रतिशत महिला) ले आफूलाई बीउ उत्पादक उद्यमीको रूपमा स्थापित गरेका छन् ।

यस कार्यक्रमले साना र मध्यम उद्यम लगायत समावेशी र दिगो बजारहरूको विकासमा पनि टेवा पुर्‍यायो । शहरी क्षेत्रको गरिबी पृष्ठभूमि भएका ११६ जना महिलाहरूलाई हस्तकला उद्यमीका रूपमा प्रशिक्षण दिइयो । उनीहरु अहिले पूर्ण रूपमा स्थानीय तहबाट सञ्चालित र स्वामित्वयुक्त पोखरा महिला सीप विकास कम्पनी लिमिटेड जस्ता हस्तकला व्यवसायमा कार्यरत छन् । उक्त हस्तकला उद्यमले आफ्नो बजारको पहुँच विस्तार गरेको छ । उनीहरूले थुप्रै खरीद सम्झौता मार्फत ताइवान, जर्मनी, अमेरिका, स्वीडेन, स्विट्जरल्याण्ड र अक्सफाम पसलहरूबाट अन्तर्राष्ट्रिय अर्डरहरु पनि पाइरहेका छन् ।

यस कार्यक्रमले जलवायु परिवर्तनका कारण लगायत विपद् सम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्न प्रारूप प्रदान गर्ने विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, २०८० को निर्माणमा योगदान पुर्‍याएको छ । फलस्वरूप, मधेश प्रदेश रौतहट जिल्लाको चन्द्रपुर नगरपालिकाले ऐन अनुसार स्थानीय जलवायु परिवर्तन र विपद् व्यवस्थापन चुनौतीहरूको सामना गर्न १,१२,८३,८८८ रूपैयाँ विनियोजन गरेको छ ।

उत्थानशीलता तथा जलवायु कार्यक्रमले विपद् प्रभावित समुदायहरूलाई आवश्यक सहयोग पनि प्रदान गरेको छ । सर्लाही जिल्लाका बाढी प्रभावित २९ परिवार (१५६ जना) र रौतहट जिल्लाका बाढी प्रभावित १५० परिवार (७५० व्यक्ति) ले तयारी खानेकुरा प्राप्त गरे । त्यसैगरी, पश्चिम नेपालमा नोभेम्बर २०२३ मा गएको भूकम्प पछि कुल ३,१६८ मानिसले वाश किट, जाडोयामको सहयोग र विपद् प्रभावित समुदायका लागि शौचालय निर्माण लगायत विभिन्न सहयोग प्राप्त गरे ।

# यज्ञ कुमारीको जलवायु अनुकूल कृषि

मधेश प्रदेश स्थित रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका-४ निवासी ३८ वर्षीया यज्ञकुमारी सापकोटा लामो समयदेखि आफ्नो परिवारको मुख्य आयस्रोतका रूपमा कृषिमा निर्भर थिइन् । कडा मेहनत गर्दा पनि उनको मासिक आम्दानी लगभग १५,००० रूपैयाँ मात्र हुने गर्दथ्यो ।

कृषिप्रति उनको समर्पणभाव र आम्दानी बीच ठुलो अन्तर थियो । सिञ्चाईको यथोचित अभावले बारम्बार खडेरी र बालीको नोक्सान भएसँगै उनको आर्थिक संघर्ष झनै चुलियो । रोपिएका अधिकांश बेर्नाहरु नाश भए र थोरै बाँचेका पनि कमजोर र अस्वस्थ थिए । कम फसल, कठोर परिश्रम र न्युन आयको मिश्रित चुनौतीहरूले उनलाई परम्परागत कृषि अभ्यासहरूप्रति निराश बनाए ।

जिल्लामा ग्रामिण विकास केन्द्र नेपालसँगको साझेदारीमा अक्सफामले ल्याएको जलवायु परिवर्तन अनुकूलन र वकालत परियोजनासँग जोडिन पाएपछि भने यज्ञ कुमारीको स्थिति उस्तै रहेन ।

परियोजना मार्फत उनले जलवायु अनुकूल कृषि अभ्यासहरु लगायत सुधारिएको कृषि प्रविधिहरूका सम्बन्धमा महत्वपूर्ण प्रशिक्षण प्राप्त गरिन् । उनले खडेरीको जोखिम भएका क्षेत्रका लागि उपयुक्त बाली र उन्नत खेती प्रविधिहरूको बारेमा जान्ने अवसर पाइन् । प्रशिक्षण पछि आवश्यकताको मूल्याङ्कन पनि गरिएको थियो । परियोजनाले उनलाई मोटर पम्प र सिञ्चाई सामग्रीहरु पनि प्रदान गर्‍यो ।



यज्ञकुमारी सापकोटाको खेतमा स्थापित मोटर पम्प सहितको नयाँ सिँचाई प्रणाली । फोटोः रचना मुखिया/अक्सफाम



^ आफ्नो खेतमा फूलकोभी टिप्दै यज्ञ कुमारी सापकोटा । फोटोः रचना मुखिया/अक्सफाम

परियोजनाको सहयोगमा उनले आफ्नो खेतमा सिञ्चाई प्रणाली स्थापना गरिन् । फूलकोभी, बन्दाकोभी र टमाटर खेती गर्न थालिन् । उनले जमिनको अधिकांश भागमा भने फूलकोभी लगाइन् । प्राविधिक विशेषज्ञहरूले साइटमै गएर दिएको प्रत्यक्ष ज्ञानले उनलाई रासायनिक मलको आवश्यकतालाई कम गर्दै किरा रहित र स्वस्थ खेती प्रति आकर्षित गर्‍यो । उनले भाग लिएका विभिन्न प्रशिक्षणहरूमा सिकेका जैविक मलखाद र जैविक कीटनाशकहरूको प्रयोग गरिन् । यसले कम लागत र माटोको सुधारिएको स्वास्थ्यका कारण राम्रो उत्पादन गर्न सघायो ।

भरपर्दो सिँचाईले उनको कृषिप्रतिको जोश र मोहलाई पुनः भरेको छ र आत्मविश्वास बढाएको छ । अब उनले वर्षभरिको उत्पादकत्व र खेतलाई नियमित हराभरा बनाइराख्न एकीकृत तरकारी खेती प्रणाली लागू गर्ने योजना बनाएकी छिन् ।

आफ्नो जीवनका सकारात्मक परिवर्तनहरूबाट उनी अत्यन्त खुसी छिन् र आफ्नो उपलब्धिहरूमा गर्व गर्छिन् । उनी आफ्नो समुदायकै एक आदर्श बनिन् । उनको समर्पण र उत्थानशीलताले कृषि चुनौतीहरू पार गर्ने सफलताको आधार निर्माण गरिदिए । उनी अब त्यही जमिनबाट आफ्नो आय बढाउने र आफ्नो परिवारको आर्थिक उपलब्धीमा उल्लेखनीय योगदान दिने बारे आशावादी छिन् ।

# बीउ उत्पादनबाट आर्थिक उत्थानशीलता

आफ्ना बाआमाको पालादेखिको गरिबी र सङ्घर्षलगायत थुप्रै चुनौतीहरु पार गरेकी कैलारी गाउँपालिका- ६, कैलाली जिल्ला, सुदूरपश्चिम प्रदेश निवासी २२ वर्षीया ममिता चौधरी उत्थानशीलताको प्रतिमूर्ति हुन् । उनका बाले परिवारका आवश्यकता पूरा गर्न भारतमा गएर मजदुरको रुपमा काम गरे । सानै उमेरमा सामना गरेका चुनौतीका बावजुत उनले एक सफल बीउ उत्पादकका रुपमा आफ्नो नाम कमाएकी छिन् ।

लीबर्डसँगको साझेदारीमा अक्सफामले ल्याएको सोविङ डाइभर्सिटि हार्भेस्टिङ सेक्युरिटी परियोजनामा ममिताको संलग्नता महत्वपूर्ण क्षण साबित भयो जसले उनको जीवनमा सकारात्मक परिवर्तन ल्यायो । जनवातावरण बहुउद्देश्यीय सहकारीमा शेयरधनीको रुपमा उनका बा पनि जोडिए पछि परिवारका लागि बहुमूल्य सेवा र लाभहरु जुट्न थाले ।

ममिता यस परियोजनाको एक पद्धति रहेको कृषक पाठशालामा सहजकर्ताको रुपमा आवद्ध हुन पुगिन् । यस पद्धतिले स्थानीय र साना किसानहरुमाझ कृषकका अधिकार प्रवर्द्धन गर्ने, खाद्य र पोषण सुरक्षा सुधार गर्न बालीका आनुवंशिक स्रोतहरुमा पहुँच, विकास र प्रयोग गर्ने क्षमता बढाउँछ । परम्परागत कृषिमा भन्दा अधिक लाभमा केन्द्रित कृषक पाठशालाले बीउ उत्पादन र बजारीकरण सम्बन्धी महत्वपूर्ण तालिम दियो । तालिमले लागत, प्राविधिक पक्ष र लाभ जस्ता विषय समेटेको थियो ।



^ आफ्नो खेतमा मल छर्दै सुदूरपश्चिम प्रदेश कैलाली जिल्लाको कैलारी गाउँपालिकाकी ममिता चौधरी ।
फोटोः ममिता चौधरी

उनी बीउ उत्पादन र महिला सशक्तीकरणमा छलफलको सहजीकरण गर्ने, आफू र अन्य महिलालाई आयआर्जन र पूँजी निर्माणको माध्यमबाट आर्थिक आत्मनिर्भरता हासिल गर्न प्रेरित गर्ने गरेको सम्झन्छिन् ।

“त्यो तालिम महिला विरूद्धको सामाजिक भेदभाव विरूद्ध लड्न आर्थिक सशक्तिकरणको भूमिका सम्बन्धी लैङ्गिक समानतामा केन्द्रित थियो । यसले दिगो प्रभाव पारेको छ,” ममिता भन्छिन् ।

“व्यावहारिक ज्ञान आदानप्रदान पनि उत्तिकै महत्वपूर्ण थियो । सदस्यहरूले रोपिने एउटा विरूवासँग अर्को विरूवाको दुरी र संख्या मापनदेखि निरीक्षण एवं रासायनिक र जैविक मलको सन्तुलित प्रयोगसम्मका सबै कुरामा सुझावहरु आदानप्रदान गरेका थिए ।”

ममिताको लगनशीलताले उनलाई तालिम सहजकर्ता मात्र नभई एक सक्रिय बीउ उत्पादक पनि बन्न प्रेरित गऱ्यो । परियोजना कर्मचारीहरूको प्रोत्साहन र कृषक पाठशाला मार्फत प्राप्त ज्ञानले हौसिएर उनी लगभग २ हेक्टर जमिनमा व्यावसायिक बीउ उत्पादनमा लागिन् जसमध्ये उनले २०२३ को मध्यमा ०.२५ हेक्टर जमिन भाडामा लिएकी थिइन् । सोही वर्ष उनले आफ्नो व्यावसायिक धान खेती पनि विस्तार गरिन् ।

सहकारीले उनलाई उन्नत बीउ, रासायनिक मल र महत्वपूर्ण प्राविधिक सहयोग प्रदान गऱ्यो । सहकारीले उनलाई ऋण, मल र कृषि उपकरणहरु पनि प्रदान गऱ्यो । प्राप्त यस सहयोगबाट ममिताले मौसम प्रतिरोधी मकै (बीएल ४३४१) र धान (सर्जु ५२) प्रजातिका बीउ प्राप्त गरिन् । यसबाट उनले पहिले रोपेका प्रजातिहरूबाट भन्दा उल्लेखनीय रूपमा बढी फसल आर्जन गरिन् । आफ्नो पहिलो प्रयासमै उनले सहकारी मार्फत २४ क्विन्टल धान र मकै बेचेर ८५,११५ रूपैयाँ कमाइन् । यस सफलताले उनलाई आफ्नो बीउ उत्पादन र कृषि सम्बन्धी गतिविधिहरूको थप विस्तार गर्न उत्प्रेरित गऱ्यो ।

आम्दानीबाट उनले धान र मकै थ्रेसिङ मेसिन किनिन् । आफ्नो आम्दानी थप बढाइन् र समुदायलाई सेवा दिन सक्षम भइन् । थ्रेसिङबाट उनले त्यही वर्ष थप २५,००० रूपैयाँ पनि कमाइन् ।

ममिताले आगामी वर्षहरूमा धान र मकै दुवैको खेती विस्तार गर्ने योजना बनाएकी छिन् र हालसालै सहुलियत सहितको पावर टिलर/हाते ट्र्याक्टर प्राप्त गरेकी छिन् जसले उनको खेती कार्यलाई थप सहज बनाएको छ ।

ममिताको मेहनतले उनका बालाई उनको बीउ उत्पादन व्यवसायमा सहयोग गर्न भारतबाट घर फर्कायो । उनी अहिले यही व्यवसायमा सक्रिय रूपमा संलग्न छन् ।

“बीउ उत्पादनबाट मैले हासिल गरेको महत्वपूर्ण सामाजिक र आर्थिक परिवर्तनहरूप्रति मलाई गर्व छ,” ममता भन्छिन्, “मेरा बाले अब विदेशमा काम गर्न पर्दैन, उहाँले मेरो व्यवसायलाई पूर्ण रूपमा सहयोग गर्दै हुनुहुन्छ । म अरूलाई पनि बीउ उत्पादक बन्न र उज्ज्वल भविष्य निर्माण गर्न प्रोत्साहन गर्छु ।”

# आपतकालीन कोषः
# सामुदायिक आत्मनिर्भरता तर्फको पाइला

स्थानीय आपतकालीन कोषहरु विपद्को पूर्वतयारीमा सुधार ल्याउने र अत्यन्त प्रभावकारी मानवीय र प्रत्यक्ष आर्थिक सहायता प्रदान गर्न अति प्रभावकारी, पारदर्शी र द्रुत तरिका अपनाउँछन् । तर विपद् प्रभावित र संकटासन्न समुदायहरुसँग यी महत्वपूर्ण स्रोतहरुको पहुँच प्रायः सीमित हुन्छ । विपद् बारम्बार जस्तो आइपर्ने भए पनि यी समुदायहरुमा प्रभावकारी रुपमा प्रतिकार्य गर्ने आर्थिक उत्थानशीलताको कमी छ । धेरै बासिन्दाहरुले विपद् पछिका आधारभूत आवश्यकताहरु धान्न सरकार वा राहत प्रदायक संघसंस्थाहरुको सहायता प्राप्त गर्न लामो समय कुर्नु पर्ने र कर्मचारीतन्त्रका जटिल प्रक्रियाहरुको सामना गर्नु परेको छ ।

तसर्थ, अक्सफामले विपद् जोखिम न्यूनीकरणका लागि समुदाय, स्थानीय सरकार र नागरिक समाजका संघसंस्थाहरुको क्षमता सुदृढ गर्न निड्स नेपालसँगको साझेदारीमा सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लामा सामुदायिक पूर्वतयारी, तत्काल प्रतिकार्य र रिकभरी परियोजना सञ्चालन गर्दै आएको छ । परियोजनाको एउटा मुख्य पहलले विपद् प्रतिकार्य तथा सामुदायिक आवश्यकताका लागि महत्वपूर्ण स्रोत मानिने आपतकालीन कोषको सुरुवात गरेको छ ।

यस परियोजनाले सुदूरपश्चिम प्रदेशमा कञ्चनपुर जिल्लाका बेलडाडी गाउँपालिका, भीमदत्त नगरपालिका र दोधरा चाँदनी नगरपालिका र डडेलधुरा जिल्लाको परशुराम नगरपालिकाका गरी कुल ३१ वटा स्थानीय सामुदायिक विपद् व्यवस्थापन समिति (सीडीएमसी) लाई तत्काल र प्रभावकारी विपद् प्रतिकार्य सम्भव तुल्याउन स्वतन्त्र रुपमा आफ्नै आपतकालीन कोष खडा गर्न प्रेरित गरेको छ ।



^ वितरणका लागि खाद्यान्न प्याक गर्दै सुदूरपश्चिम प्रदेश कञ्चनपुर जिल्लाको दोधरा चाँदनी नगरपालिकाका सामुदायिक विपद् व्यवस्थापन समितिका सदस्यहरु । फोटोः निड्स नेपाल

सीडीएमसीले कोषको महत्व र योगदानका बारेमा छलफल गर्न सामुदायिक बैठकहरु आयोजना गरेको छ । उनीहरुले कोषको दीर्घकालीन व्यवहारीकता सुनिश्चित गर्न घरदैलोबाट संकलन, सामुदायिक नेताहरुको व्यक्तिगत दान र स्थानीय व्यवसाय तथा संगठनहरुमा पुग्ने माध्यमसहित कोष सङ्कलन थालनी

गरे । केही हप्ता भित्रै उनीहरूले भविष्यमा आइपर्ने विपद्को राहतका लागि पर्याप्त रकम जम्मा गरे । यसबाहेक, उनीहरूले परियोजनाले सहयोग गरेका उद्यमबाट आउने नाफाको १० प्रतिशत आपतकालीन कोषमा विनियोजन गर्ने प्रावधान कायम गरे जसले यसको निरन्तर वृद्धि सुनिश्चित गर्‍यो ।

कोषको व्यवस्थापन समुदायका सदस्यहरु मिलेर बनेको सीडीएमसी ले गर्छ र यसले आपतकालिन समयमा कोष विनियोजन र उपयोगका लागि पारदर्शी र जवाफदेही प्रक्रियाहरु स्थापित गरेको छ । परियोजनाको प्राविधिक सहयोगमा, सीडीएमसीले आपतकालीन कोषलाई प्रभावकारी ढङ्गले परिचालन गर्न एउटा निर्देशिका पनि बनाएको छ । कुल ८,३२,५६३ रूपैयाँको यो कोष ३१ वटा समुदायमा सफलतापूर्वक सञ्चालन गरिएको छ ।

आपतकालीन कोषले यसको महत्व प्रमाणित गरिसकेको छ । एउटा बाढीले समुदायलाई तहसनहस बनायो, धेरै घरहरूमा क्षति पुर्‍यायो र परिवारहरूलाई विस्थापित बनाउने वितिकै यो कोष तुरुन्तै सक्रिय भयो । सीडीएमसीले प्रभावित ती बासिन्दाहरूलाई खाना, आश्रय र अन्य सामग्री लगायतका आवश्यक सहायता तत्कालै प्रदान गरेर छिटै पुनर्स्थापित हुन मद्दत गर्‍यो ।

यस कोषको सफलताले व्यापक ख्याती कमाएको छ । छिमेकी समुदायहरु अब यस समुदायलाई विपद् तयारी र प्रतिकार्यको नमुनाको रूपमा हेर्न थालेका छन् । समयसँगै कोषको पनि वृद्धि भएको छ । यसले भविष्यमा घट्न सक्ने घटनाहरूको प्रभाव कम गर्न विपद्को पूर्वतयारी र न्यूनीकरण उपायहरूमा लगानी सक्षम बनाएको छ ।

यी समुदायहरु अब आफ्नो उत्थानशीलताका लागि परिचित छन् र आफ्नै आपतकालीन कोषहरु स्थापना गर्न खोज्ने अरूका लागि प्रेरणाको श्रोत पनि बनेका छन् । यस पहलले समुदायको विपद्को पूर्वतयारीमा उल्लेखनीय सुधार गरेको छ र प्रभावितहरूको आवश्यकतामा थप प्रभावकारी र सहज प्रतिकार्य सुनिश्चित गरेको छ ।

"विपद्को प्रभावकारी पूर्वतयारी र प्रतिकार्यका लागि आर्थिक स्रोतहरु महत्वपूर्ण हुन्छन् । यस्तो कोष आपतकालिन अवस्थाका लागि मात्र नभएर समुदायका सदस्यहरूले आफ्नो व्यवसाय बढाउन र अन्य आवश्यकताहरु सम्बोधन गर्न ऋण लिन पनि सक्छन्," समुदायकी सदस्य बसन्ती सुनारले बताइन् ।

# जाजरकोट भूकम्पमा प्रतिकार्य

३ नोभेम्बर २०२३ को मध्यरात पश्चिम नेपालको कर्णाली प्रदेशमा रहेको दुर्गम पहाडी जिल्ला जाजरकोटमा ६.४ म्याग्निच्युडको भूकम्प गयो । यसले कर्णाली प्रदेशका जाजरकोट र रूकुम (पश्चिम) जिल्लामा घर, भण्डारण गरिएका अन्नपात, वस्तुभाउका गोठ आदिमा निकै क्षति पुऱ्यायो । भूकम्पका कारण १५४ जनाको मृत्यु भयो भने ३६४ जना घाइते भए । कुल २६,५५७ घरहरु नष्ट भए भने ३५,४५५ घरहरु आंशिक रूपमा क्षतिग्रस्त भए ।

मानवीय सेवामा तत्पर संस्थाको रूपमा अक्सफामले भूकम्प गएको केही दिन भित्रै तुरून्तै प्रारम्भिक मूल्याङ्कनको एउटा टोली परिचालन गऱ्यो । यसको लगत्तै अक्सफामले रूकुम (पश्चिम) जिल्लामा हाम्रा प्रयासहरूलाई निर्देशित गर्ने प्रयास पनि गऱ्यो ।

अक्सफाम र साझेदार भेरी वातावरणीय विशिष्टता (बीईई) समूहले रूकुम (पश्चिम) जिल्लाका आठबीसकोट नगरपालिका, सानीभेरी गाउँपालिका र त्रिवेणी गाउँपालिकाका १७२ घरधुरी, छ वटा सार्वजनिक विद्यालय, दुईवटा वडा कार्यालय र एउटा स्वास्थ्य केन्द्र लगायतका २००० भन्दा बढी मानिसलाई तत्काल वाश किट वितरण गरे । वाश किटमा पानी शुद्धिकरण गर्ने उपकरण, नुहाउने र लुगा धुने साबुन, बच्चा र वयस्कका लागि मञ्जन र ब्रस, तौलिया, प्लास्टिकको मग र ढक्कनसहितको बाल्टिन, सेनिटरी प्याड, ओआरएस (जीवनजल), लामखुट्टे धपाउने सामग्री, काईयाँ र नैनी जस्ता सामग्रीहरु राखिएका थिए । किटमा पानी शुद्धिकरण गर्ने उपकरण राखिएको हुनाले मानिसहरूले सुरक्षित खानेपानीका साथै व्यक्तिगत सरसफाइको पहुँच प्राप्त गरे ।



भूकम्पले क्षतिग्रस्त भएका कर्णाली प्रदेश रूकुम पश्चिम जिल्ला स्थित सानिभेरी गाउँपालिकाका घरहरु । फोटोः रचना मुखिया/अक्सफाम

भूकम्पले अधिकांश शौचालयहरु क्षतिग्रस्त भएकाले पहिलो चरणको आपतकालीन प्रतिकार्य स्वरूप अक्सफाम र बीईई समूहले नोभेम्बर महिना भित्र दुवै पालिकाहरूमा ग्लास-फाइबर संरचना भएको फलामको फ्रेमको कुल ७० अस्थायी शौचालय निर्माण गरे । ती शौचालयहरु अस्थायी आश्रय, विद्यालय, उच्च प्राथमिकता भएका व्यक्तिगत घरधुरी र वडा कार्यालय जस्ता भेला हुने सार्वजनिक स्थालहरूमा स्थापना गरिएका थिए ।

यसबाहेक, सानीभेरी गाउँपालिकाका वृद्धवृद्धा, स्तनपान गराउने आमा र गर्भवती महिलाहरूलाई १०० भन्दा बढी बेड र १०० वटा कम्बल हस्तान्तरणसहित समुदायलाई जाडोयामको सहायता प्रदान गरिएको थियो । यस पहलबाट ४४३ व्यक्ति लाभान्वित भएका थिए ।

प्रतिकार्यको दोस्रो चरणमा अक्सफाम र बीईई समूहले सानीभेरी गाउँपालिकामा १४३ र र आठबीसकोट नगरपालिकामा १३० वटा गरेर जम्म २७३ वटा स्थायी शौचालय निर्माण गरे ।

रिकभरीमा टेवा पुऱ्याउन र भूकम्प प्रभावित समुदायमा दीर्घकालीन उत्थानशीलता निर्माण गर्नु निरन्तर आवश्यकता भएकोले अक्सफाम उक्त रिकभरीमा सहयोग गर्न प्रतिबद्ध छ ।




^ कर्णाली प्रदेश रूकुम पश्चिम जिल्ला स्थित सानीभेरी गाउँपालिमा अक्सफाम र बीईई समूहद्वारा प्रदान गरिएको अस्थायी शौचालय जहाँ २००० भन्दा बढी मानिसलाई लाभ पुऱ्याउने ७० वटा शौचालयहरु निर्माण गरिएका थिए । फोटोः रचना मुखिया/अक्सफाम

# पानी तथा सरसफाइ र जल सुशासन कार्यक्रम



भारत र नेपाल बीचको सिमानाको रूपमा रहेको महाकाली नदीमा र्‍याफ्टिङ् । अक्सफामले र्‍याफ्टिङ्लाई शान्ति र सीमापार सहयोगको उपकरणको रूपमा प्रवर्द्धन गरिरहेको छ । फोटोः अमित मचामासी/अक्सफाम

**पानी तथा सरसफाइ र जल सुशासन कार्यक्रम** पानीको सुशासनलाई मजबुत बनाउन र महत्वपूर्ण वाश सेवाहरु प्रदान गर्न प्रतिबद्ध छ । यस कार्यक्रम अन्तर्गत हामी वाश पूर्वाधार निर्माण, वाश सुविधाहरूका लागि आर्थिक पहुँच, माग सिर्जना र व्यावहार परिवर्तन एवं व्यावहारिकता र दिगोपनामा केन्द्रित छौँ । त्यसैगरी, जल स्रोत व्यवस्थापन अन्तर्गत नदीतटीय क्षेत्र र नदीजन्य स्रोतहरूको प्रभावकारी स्रोत संरक्षण, व्यवस्थापन र उपयोगका लागि तटीय क्षेत्र व्यवस्थापन र नदीको उत्थानशीलतामा ध्यान केन्द्रित गरिएको छ ।

अक्सफामले विपन्न, सामाजिक रूपमा सिमान्तकृत र संकटासन्न महिला र पुरूषहरूका जल सुरक्षा सम्बन्धी चुनौतीहरूलाई सम्बोधन गर्ने र पानी, सरसफाइ र प्राकृतिक स्रोतहरूमा दिगो र समान पहुँच पुर्‍याउन प्रणालीगत परिवर्तन गर्ने लक्ष्य राखेको छ ।

यस कार्यक्रमले रूपान्तरणमुखी प्रणालीगत परिवर्तन लक्ष्यहरु भित्र न्यायपूर्ण अर्थव्यवस्था र जवाफदेही शासनमा योगदान पुऱ्याउनुका साथै जलवायु न्यायमा अधिकांश कार्यक्रममा परस्पर रणनीति एवं उपायहरु प्रदान गर्दछ । यसमा अति कम जिम्मेवार र बढी प्रभावित मानिसहरूको नेतृत्वसहितका पहलहरु समावेश गरिएका छन् ।

जलवायु संकट पानीको संकटसँग गहिरोसँग जोडिएको हुन्छ । प्रभावकारी र जवाफदेही शासनको अभावले जलाधार क्षेत्रमा पानी लगायतका स्रोतहरूको असमान वितरण बढ्ने हुँदा सङ्कटासन्न जनसङ्ख्यालाई निकै असर गर्दछ । स्रोतको यस्तो विभेदपूर्ण वितरणले पानीको संकट झन बढाउन सक्छ, जीविका र स्वास्थ्यमा नकारात्मक प्रभाव पार्नुका साथै विद्यमान असमानताको खाडललाई अझ फराकिलो बनाउन सक्छ ।

वर्ष २०२३-२४ मा यस कार्यक्रम ३८,०७४ मानिसहरूसम्म पुग्यो जसअन्तर्गत ५९ प्रतिशत महिला र १५ प्रतिशत युवाहरु (१५-२४ उमेर समूहका) थिए ।

यस कार्यक्रमले जल आपूर्ति प्रणाली स्तरोन्नति गर्न, पानी र सरसफाइका सुरक्षित, पर्याप्त र दिगो सेवाहरूमा सामुदायिक पहुँच सुधार गर्न स्थानीय सरकारका स्रोतहरूलाई सफलतापूर्वक परिचालन गऱ्यो । सामुदायिक कार्यशालाहरु मार्फत यस्ता प्रणालीको स्तरोन्नतिलाई प्राथमिकता दिइएको थियो ।

यी कार्यलाई पानी तथा सरसफाइ र जल सुशासनका योजनाहरूले निर्देशित गरेका थिए जसको परिणाम स्वरूप १३ वटा नयाँ योजनाको निर्माण भयो र नियमित सञ्चालन र मर्मतसम्भारका लागि पर्याप्त आर्थिक, मानवीय र प्राविधिक स्रोतहरु सहित ६२ वटा जल आपूर्ति प्रणलीको दिगोपना सुनिश्चित गऱ्यो । मधेश प्रदेशको राजपुर र हरिपुर नगरपालिकामा दुई वटा पानीको गुणस्तर परीक्षण गर्ने प्रयोगशालास्थापना पनि गरिएको छ ।

त्यसैगरी, अक्सफामले स्थानीय साझेदारहरूसँग मिलेर ऱ्यापिटङ र पानीको गुणस्तर परीक्षण, जलवायु उत्थानशील जीविकोपार्जन जस्ता कार्यक्रमहरु मार्फत महिलाहरूलाई सशक्तिकरण गर्ने र समुदायमा आधारित पूर्व चेतावनी प्रणाली मार्फत बाढीका लागि पूर्वतयारी बढाउने जस्ता सीमापार सहयोग पहलहका लागि स्थानीय सरकारको सहायता प्राप्त गर्न सफल भयो । यस कार्यक्रमले नदीका लागि प्रावधानहरु समावेश गर्न "जल यात्रा नीति" को संशोधन जस्ता नीतिगत परिवर्तनको वकालत गरेको छ । विभिन्न साझेदारहरूसँगको सहकार्य र प्रयास मार्फत अक्सफामले सामुदायिक संलग्नता बढाएको छ, स्थानीय क्षमता विकास गरेको छ र महाकाली नदी किनारका समुदायका हितका लागि दिगो अभ्यासहरु प्रवर्द्धन गरेको छ ।

अक्सफामले जल तथा ऊर्जा आयोगको सचिवालय (WECS) सँग बलियो सम्बन्ध स्थापित गरेको छ जसले अक्सफामको जलाधार सम्बन्धी प्रारूपको अनुसन्धानलाई मान्यता दिएको छ । यस अनुसन्धानले शासन रूपरेखा, जलाधार व्यवस्थापन र द्वन्द्व समाधानमा थप अनुसन्धान गर्न जल तथा ऊर्जा आयोगको सचिवालयसँग आधिकारिक सम्झौता सम्पन्न गरेको छ ।

# उज्ज्वल भविष्यका लागि सुरक्षित खानेपानी

सुरक्षित खानेपानी आधारभूत मानव अधिकार नै भए पनि विश्वमा २ अर्ब मानिसले अझै पनि सुरक्षित रूपमा पानी पाउन सकेका छैनन् । नेपालमा झन्डै ८१ प्रतिशत जनसङ्ख्या यसको उपलब्धताबाट बञ्चित छन् ।

विकास र स्वास्थ्यका लागि सुरक्षित र भरपर्दो पानी आवश्यक हुन्छ । विश्वमा यसले जनस्वास्थ्य, लैङ्गिक समानता र समग्र सामाजिक अवस्थामा सुधार ल्याउन उल्लेख्य योगदान गर्दछ । अतः नेपालमा सुरक्षित पानीमा लगानी गर्नु अत्यन्त आवश्यक छ । आफ्नो प्रयासलाई दिगो विकास लक्ष्य ६.१ अनुरूप बनाउन लगभग एक दशकदेखि अक्सफाम नेपालमा सुरक्षित पानीको पहुँच सुधार गर्न लागिपरेको छ ।

अक्सफामले मधेश र बागमती प्रदेशमा ६२ वटा खानेपानी आपूर्ति योजना निर्माण र मर्मत गर्नुका साथै दिगो ग्रामिण जल आपूर्ति मार्फत ग्रामिण जलआपूर्ति बोर्ड मोडल पाइलटिङ गर्ने र वैकल्पिक व्यवस्थापन परियोजना वितरण मार्फत नेपालमा सुरक्षित पानी उपलब्ध गराउने चुनौतीलाई सम्बोधन गरेको छ ।

बागमती प्रदेश स्थित धादिङको ज्वालामुखी र बेनीघाट रोराङ गाउँपालिका, मधेस प्रदेश स्थित सर्लाहीको राजपुर र रौतहटको हरिपुर नगरपालिका गरी तीन जिल्लाका ४ वटा पालिकाहरूमा ग्रामिण जलआपूर्ति बोर्ड मोडल स्थापित गरिएको छ । वैकल्पिक व्यवस्थापन परियोजनाको प्राथमिक लक्ष्य सबैका लागि सुरक्षित पानीको पहुँच पुऱ्याएर स्थानीय



^ मधेश प्रदेश स्थित रौतहट जिल्लामा रहेको जल प्रशोधन प्लान्टले १,००० भन्दा बढी घरधुरीलाई सुरक्षित पानी प्रदान गर्दछ । फोटोः सुस्मा पन्त/अक्सफाम



^ मधेस प्रदेश स्थित रौतहटमा समुदायमा सुरक्षित पानी वितरण गर्न जल प्रशोधन प्लान्टको भल्भ खोल्दै हेरालु शेख अबुलुस । फोटोः सुस्मा पन्त/अक्सफाम

सरकारहरूका लागि सेवा वितरण व्यवस्थापनको मोडेल स्थापना गर्नु हो ।

आफ्नै बोर्डद्वारा शासित यी बोर्डले पानी तथा सरसफाइ सेवा वितरण एकाइका रूपमा काम गर्नुका साथै पहिले निष्क्रिय रहेका जल आपूर्ति प्रणालीको दीर्घकालीन स्थिरतामा योगदान पुऱ्याउने गरेका छन् ।

यसैगरी पानीको गुणस्तर सुधार गर्न र नेपाल खानेपानी गुणस्तर पूरा गर्न अक्सफामले हरिपुर र राजपुर नगरपालिकामा एक-एकवटा जल प्रशोधन प्लान्ट स्थापना गरेको छ जसले १०,५३३ जनालाई स्वच्छ पानी उपलब्ध गराएका छन् ।

यी दुई नगरपालिकामा समुदायहरूले परम्परागत रूपमा ट्युबवेलबाट निकालिएको भूमिगत पानीमा निर्भर आफ्नै जलआपूर्ति व्यवस्थापन गर्ने गरेका थिए । तथापि, उक्त भूमिगत पानीको गुणस्तर ट्युबवेलको गहिराइसँग जोडिएको हुन्छ जुन प्रायः परिवारको आर्थिक स्रोत अनुसार निर्धारण गरिन्छ । मधेश प्रदेश रौतहटकी नशिमा खातुन भन्छिन्, "हाम्रो ट्युबेल ५० फिट मात्र गहिरो छ । त्यसैले पानीको गुणस्तर राम्रो छैन । पानी पहेँलो आउँछ ।"

प्रशोधन प्लान्टहरूको स्थापनासँगै अहिले पानीको गुणस्तरले सरकारी मापदण्डहरू पूरा गरेको छ जसले समुदायलाई साँच्चिकै सुरक्षित खानेपानीमा पहुँच प्रदान गर्दछ ।

प्रशोधन प्लान्टसहितको यो पहलले पानीको न्यून गुणस्तरसँग जोडिएर जोखिममा रहेका महिला तथा बालबालिकाहरू लगायत समग्र समुदायको स्वास्थ्यमा दीर्घकालीन लाभ पुऱ्याउने छ ।

# उत्थानशील जलाधार निर्माण: जनता-पहिले पद्धति

अक्सफामले जलाधारको व्यवस्थापन, मानव अधिकार एकीकृत गर्न, असमानताहरू सम्बोधन र युवा तथा महिला सशक्तिकरण मजबुत गर्न जनता केन्द्रित दृष्टिकोणलाई ग्राह्यता दिएको छ । यसको प्राप्तिका लागि विकास तथा नवप्रवर्तनका लागि वेगेनिङ्गेन केन्द्र (WCDI) सँग मिलेर काम गरिरहेका अक्सफाम र यसका साझेदारहरू (इसिमोड, सीएसआरसी, लीबर्ड र निड्स नेपाल) ले विद्यमान पद्धति, उपकरण र अनुभवहरूमा आधारित भएर सहकार्य गरी जन-भूपरिदृश्य फ्रेमवर्क तयार गरेका छन् ।

यस पद्धतिले व्यक्ति तथा संस्था दुवैको अनुकूलता क्षमता र उत्थानशीलता निर्माण गरेर भूपरिदृश्य भित्र विविध सरोकारवालाहरूलाई सशक्त बनाउने लक्ष्य राखेको छ । अक्सफाम र यसका साझेदारहरू (सीएसआरसी, लीबर्ड र निड्स नेपाल) ले जन-भूपरिदृश्य फ्रेमवर्क परीक्षण गर्न पाइलट परियोजना सुरू गरे । यो परियोजना रङ्गुन नदी र यसका सहायक नदीहरूको ४८३ वर्ग किलोमिटर क्षेत्रको जलाधार (अक्सफाम, २०२३) तहमा केन्द्रित रह्यो । यस जलाधार क्षेत्रमा पश्चिममा भारतको उत्तराखण्डदेखि दक्षिणमा नेपालको कञ्चनपुर जिल्लासम्मको सिमानामा रहेका सुदूरपश्चिम प्रदेशका परशुराम नगरपालिकाका आठ वटा वडा, आलिताल गाउँपालिका (डडेल्धुरा जिल्ला) का सबै वडा र जोरायल गाउँपालिका (डोटी जिल्ला) का दुई वडा पर्छन् ।

पाइलट चरणमा जलस्रोत, जैविक विविधता र भू-उपयोगको विस्तृत मूल्याङ्कन गरिएको थियो । थुप्रै सूचकका आधारमा गरिएका यी मूल्याङ्कनले ती सूचकहरूको प्रयोगमा आधारित रहेर विशिष्ट जन भूपरिदृश्य औजारको विकास गर्न सुझाएको छ । एकीकृत रङ्गुन जलाधार क्षेत्रमा एक वर्षका लागि एउटा जन भूपरिदृश्य औजार विकसित गरिएको थियो ।

मूल्याङ्कनका केही मुख्य निष्कर्षहरू :

- शासकीय पद्धतिका लागि आवश्यक जलाधार क्षेत्र भित्रका प्रशासनिक सीमाहरूले जलाधार भित्रै विभाजनहरू सिर्जना गर्दछन् । उक्त मूल्याङ्कनले पहुँच र लाभको साझेदारी संयन्त्र, माथि र तलतिरका सम्बन्ध र पारिस्थितिक पद्धतिका विभिन्न अवयवहरू बीचको अन्तरसम्बन्धहरूको गहन ज्ञानको आवश्यकता रहेको दर्शाएको छ ।
- जल सुशासनसँग सम्बन्धित जटिल र परस्पर जोडिएका मुद्दाहरूलाई सम्बोधन गर्न रहेका क्षेत्रगत पद्धतिहरू अपर्याप्त छन् । मूल्याङ्कनले परिवर्तनशील जलवायुको परिप्रेक्ष्यमा पानीलाई केन्द्रबिन्दुमा राखी एकीकृत पद्तिको आवश्यकता रहेको औँल्याएको छ ।
- मूल्याङ्कनले जलाधार क्षेत्रको प्रमाणमा आधारित व्यवस्थापनको विकासमा सरकारका तीनवटै तहलाई सहयोग गर्नुपर्ने आवश्यकतामा जोड दियो । यसमा ती तहलाई सूचित निर्णय लिनका लागि जलवायु सम्बन्धी तथ्याङ्क सङ्कलन, व्यवस्थापन, विश्लेषण र प्रयोग गर्न सघाउनु पर्ने कुरा समावेश छ ।

जन-भूपरिदृश्य पद्धति मूल्याङ्कनको निष्कर्ष कार्यान्वयन गर्न अक्सफामले जल तथा ऊर्जा आयोगको सचिवालयसँग सम्झौतापत्रमा हस्ताक्षर गरेको छ । जलस्रोत व्यवस्थापनमा विशेषज्ञता प्रदान गर्ने नेपालको प्रमुख सरकारी निकायले विगत पाँच वर्षमा दस मुख्य नदीका लागि नदीतटीय स्तरका योजनाहरू विकास गर्दै आएको छ ।

सरकारका यी नदीतटीय योजनाहरूसँग अनुरूप रहेर अक्सफामले रङ्गुन नदी जलाधार व्यवस्थापन परियोजना सञ्चालन गरिरहेको छ । जल तथा ऊर्जा आयोगको सचिवालयले सम्भावित जलाधारस्तरीय पहलहरू बुझ्ने र सफल भएका र प्राप्त ज्ञान अन्य जलाधारहरूमा लागू गर्ने उद्देश्यले यसलाई सरकारका लागि पाइलट परियोजनाको रूपमा तोकेको छ । अक्सफामको हालको कार्यमा जलाधारका लागि जल सन्तुलन मोडेलको विकास, द्वन्द्व समाधान मोडेलहरूको अनुसन्धान र जल व्यवस्थापनका विद्यमान शासकीय मोडेलहरूको अध्ययन पर्दछन् । यसको लक्ष्य जलाधार स्तरमा सुधारिएको पानी व्यवस्थापन गर्ने मोडेलहरू सिफारिस गर्नु र तिनलाई जल तथा ऊर्जा आयोगको सचिवालयले विकास गरेका नदीतटीय योजनाहरूसँग जोड्नु रहेको छ ।

# उत्थानशील महिलाहरूले बुनेका नदी तटदेखि सफलतासम्मका कथा



^ जुटको गुन्द्री बुनिरहेकी सुदूरपश्चिम प्रदेश, कञ्चनपुर जिल्ला स्थित भीमदत्त नगरपालिका समुदायका सदस्य । फोटोः अक्सफाम

सुदूरपश्चिम प्रदेश कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका– १३ स्थित महाकाली नदी किनारमा अवस्थित सोनापुर टोल र रामानुजका समुदायहरु बारम्बार आउने विनाशकारी बाढीबाट अत्यन्त प्रभावित छन् । यहाँका जनसङ्ख्यामा धेरैजसो गरिबी र प्राकृतिक विपद्का चुनौतीको सामना गर्ने सीमान्तकृत समूह मानिने दलितहरु (९० प्रतिशत) छन् । लगभग ८० प्रतिशत पुरूषहरु आफ्नो परिवारलाई सहयोग गर्न कामको खोजीमा हरेक वर्ष ५-६ महिनाका लागि भारत र अन्य स्थलतिर जाने गर्छन् । यी समुदायका महिलाहरु मुख्यतया घरेलु काममा खट्छन् र मौसमअनुसार कृषि र बालुवा खानीमा काम गर्छन् ।

यी कठिनाइहरूका बीच पनि महिलाहरूले उल्लेखनीय पहल र उत्थानशीलता प्रदर्शन गरेका छन् । अक्सफाम र निड्स नेपालले स्थानीय सरकार भीमदत्त नगरपालिकाको साझेदारीमा दक्षिण एसियाली सीमा नदी परियोजना (ट्रोसा) को दोस्रो चरण मार्फत

समुदायको विकास र महिला सशक्तिकरणका लागि साना तर प्रभावकारी पहलहरूमा सघाइहेका छन् । यस कार्यको मुख्य अंश महिला सशक्तीकरण केन्द्रमा उनीहरूको आवद्धता हो जहाँ उनीहरु नियमित रूपमा जलवायु परिवर्तन, विपद्को पूर्वतयारी, मानव अधिकार, सामाजिक मुद्दाहरु एवं दिगो जिविका लगायतका स्थानीय चुनौतीहरु समाधानका बिषयमा छलफल गर्न भेला हुन्छन् ।

महिला सशक्तीकरण केन्द्रकी सदस्य लक्ष्मी बोहरा आफ्नो पहिलो बैठक झल्झली सम्झिन्छिन् ।"हामीलाई सुरूमा त शंकै थियो" उनी स्वीकार गर्छिन् । "धेरै परियोजनाहरु ठूला प्रतिवद्धताहरु लिएर आउँछन् र जान्छन् पनि । तर ट्रोसा फरक थियो । उनीहरूले आफ्नो कुरा लाद्नुको सट्टा हामी के चाहन्छौँ भनेर सोधेका थिए ।"

धेरै दलित महिलाहरु जिविकाका लागि बालुवा खानीमा काम गर्छन् । निरन्तरको छलफल र सामुदायिक बैठकहरूले चौध जना महिलालाई स्थानीय स्रोत प्रयोग गरिने परम्परागत हस्तशिल्प "चटाई बुनाई" ब्युँताउन प्रेरित गरेको थियो ।

पूजा सुनारले यस काममा उज्ज्वल भविष्य रहेको बताइन् । महिलाहरूको चटाई बुन्ने यो उद्यमले सुरुमा थुप्रै चुनौतीको सामना गर्नु पर्‍यो । कच्चा पदार्थ मौसम अनुसार मात्र उपलब्ध हुने र नयाँ व्यवसाय र घरको काम बीच सन्तुलन गर्न हम्मे-हम्मे परेको थियो । तर समुदायले यथेष्ट सहयोग गर्‍यो । स्थानीय वडाले जग्गा, पूर्वाधार र सीप प्रशिक्षण प्रदान गर्‍यो भने निड्स नेपालले आर्थिक सहयोग र हौसला प्रदान गर्‍यो ।

महिला सशक्तीकरण केन्द्रकी सक्रिय सदस्य कबिता लुहार भन्छिन्, "हाम्रा हजुरबा हजुरआमाहरु यस्ता चटाई बुन्ने गर्थे । हामी हाम्रो सम्पदा ब्युँताउदै छौँ ।"

चटाई बुन्ने सामग्री मौसम अनुसार मात्र उपलब्ध हुने कुरालाई ध्यानमा राख्दै महिलाहरूले वडाबाट थप प्रशिक्षण हासिल गरे । उनीहरूले "चुरा पोते" बनाउन सिके र शृङ्गारका आधारभूत सीपहरु प्राप्त गरे ।

"अहिले त नदीमा बाढी आउँदा हामी बुनाईका लागि सामग्रीहरु जम्मा गर्न नसक्दा पनि हामीसँग अरु सीपहरु छन्" लक्ष्मी गर्वका साथ भन्छिन् । "हामी चुरा र पोते बनाउँछौं, शृंगारका सेवाहरु दिन्छौँ र भविष्यमा कुनै दिन महिला व्यवसायी बन्ने आशा गर्दछौँ ।"

महिलाहरूको यो रूपान्तरण आर्थिक लाभ भन्दा अझै परसम्म फैलिएको छ । पहिले आफ्नो घर र खेतमा सीमित रहने उनीहरु अहिले आफ्नो चिन्ता र सुझावहरु साट्दै आत्मविश्वासकासाथ नगरपालिकाका बैठकहरूमा भाग लिन्छन् ।

"हामी गुन्द्री मात्र बुनिरहेका छैनौँ", लक्ष्मी आत्मविश्वासका सुनाउँछिन् । "हामी हाम्रो समुदायका लागि नयाँ कथा बुनिरहेका छौँ । त्यस्तो कथा जहाँ महिलाहरु नेतृत्वमा पुग्छन्, हाम्रा बालबच्चाहरूसँग अवसरहरु हुन्छन् र हामी प्रकृतिसँग सद्भावपूर्ण जीवन बाँचिरहेका हुने छौँ ।"

# मानव संसाधन र संगठनात्मक विकास

अक्सफाम नेपालले अप्रिल २०२३ देखि मार्च २०२४ को अवधिमा ७० जना कर्मचारी नियुक्त गरेको थियो । पुरूष र महिलाहरूको औसत लिङ्ग अनुपात ३४:३६ रहेको छ ।

रोजगारदाताको रूपमा अक्सफाम नेपालमा आफ्नो भिजन हासिल गर्न विविधतायुक्त, समर्पित र लगनशील मानिसहरु नियुक्त गर्ने र रोजगारीमा निरन्तरता दिलाउने लक्ष्य राख्छ । हामी संगठनका सम्पूर्ण कर्मचारीहरूको सिकाइ र वृत्तिविकासमा प्रतिबद्ध छौँ । यो कार्य यस देश र व्यावसायिक विकास आवश्यकता अनुरूप नियमित रूपमा गरिन्छ । अक्सफाम कार्यसम्पादन व्यवस्थापनका लागि बारम्बार अर्थपूर्ण संवाद गर्नुपर्ने कुरालाई प्राथमिकतामा राख्छ । त्यसैले संगठनात्मक रणनीतिलाई काममा उतार्न र कर्मचारीका कामले अक्सफामको लक्ष्य पूरा गर्न योगदान पुऱ्याउन उनीहरूलाई उच्चतम् स्तरको कार्यसम्पादन प्रदर्शन गर्न सक्षम तुल्याउन "लेट्स टक" फारमलाई निरन्तरता दिइयो । कर्मचारीहरूलाई मूल्य र काम गर्ने तरिकाहरु बारे सचेत बनाइराख्न वर्षैभर सुरक्षा, आचार संहिता, लेट्स टकका विषयमा विभिन्न सत्रहरु आयोजना गरिएका थिए ।

कर्मचारीहरूलाई काम गर्ने लचिला विकल्प तथा जीवन प्रत्याभूती लगायत आकर्षक तलब र अतिरिक्त लाभहरु प्रदान गर्नुको साथ गत वर्ष बढ्दो मुद्रास्फीतिलाई ध्यानमा राख्दै अक्सफामले कर्मचारीहरूलाई जीवनयापन खर्च समायोजन प्रदान गऱ्यो ।

अक्सफामले आफ्ना कर्मचारीहरूको शारीरिक स्वास्थ्यलाई प्राथमिकता दिन २६-२७ फेब्रुअरी २०२४ मा कर्पोरेट एर्गोनोमिक्स र फिजियोथेरापी सम्बन्धी दुई दिने कार्यशाला आयोजना गऱ्यो । कार्यशाला पछि सबै कर्मचारीहरूको व्यक्तिगत फिजियोथेरापी मूल्याङ्कन गरियो ।

अक्सफामले कर्मचारीहरूको सफलता, सबलता र उल्लेखनीय योगदानको उत्सव मनाउन वार्षिक रिट्रिटको आयोजना गर्दछ । यसले समूहभाव विकास गर्न सघाउनुका साथै कर्मचारीहरु बीचको सम्बन्धलाई बलियो बनाउने र विश्राम तथा ताजगीको मौका प्रदान गर्दछ ।



मानव संसाधन विभागद्वारा आयोजित वार्षिक रिट्रिटको समयमा अक्सफाम नेपालका कर्मचारीहरु । फोटोः जेएसटी प्रोडक्सन/अक्सफाम

# साझेदारीमा सुधार



^ प्रस्तावना लेखन कार्यशालामा उपस्थित अक्सफामका स्थानीय साझेदारका प्रतिनिधिहरु । फोटोः अक्सफाम

अक्सफामले गरिबी र अन्याय विरूद्ध लड्न स्थानीय साझेदार संघसंस्थासँग सहकार्य गर्ने लामो इतिहास बोकेको छ । स्थानीय संघसंस्थाहरूलाई सशक्त बनाउँदै साझेदारीमा शक्तिको गतिशीलता पुनः सन्तुलित गर्नु यस कार्यको मुख्य लक्ष्य नै हो । यस लक्ष्यलाई अघि सार्न अक्सफामले 'साझेदार लगानी कोष' भनिने लचिलो आर्थिक सहायताको संयन्त्र मार्फत आफ्नो उपनिवेश-विरोधी र नारीवादी साझेदारी सिद्धान्तअनुसार साझेदारहरूको क्षमता विकासमा लगानी गर्दै आएको छ । अक्सफाम साझेदारहरूलाई उनीहरूको आफ्नै दर्शन, रणनीति र प्राथमिकताहरूको विकास, सबलीकरण र महसुस गर्न सहयोग गर्दछ ।

नेपालमा 'साझेदार लगानी कोष' अक्सफामको वर्ष २०२२-२०३० साझेदारी रणनीति कार्यान्वयन गर्ने महत्वपूर्ण उपकरण हो जसले अक्सफाम र यसका साझेदारहरूबीच समतामा आधारित सम्बन्धलाई प्राथमिकता दिन्छ । अक्सफाम जीबीद्वारा प्रदत्त यो लचिलो कोष साझेदार-केन्द्रित छ जसले साझेदारहरूलाई उद्देश्य निर्धारण, प्राथमिकता तय गर्ने, योजना तर्जुमा गर्ने साथै सिकाइ र ज्ञान आदान-प्रदान गर्ने जस्ता कार्यहरूमा नेतृत्व लिन सशक्त बनाउँछ ।

अक्सफामका वर्तमान ११ वटा साझेदारहरूले मिलेर साझेदार लगानी कोषका मूलभूत सिद्धान्तहरु विकास गरेका छन् जसमा सह-सिर्जना, नेतृत्व साझेदारी, संयुक्त मूल्याङ्कन र सिकाइ, समता, समावेशिता र सशक्तीकरण, पारदर्शिता र आपसी उत्तरदायित्व, लचकता, सञ्जाल विस्तार तथा समूहभावजस्ता तत्वहरु पर्दछन् । यी सिद्धान्तहरु कोषका सहमति गरिएका व्यापक उपलब्धिहरु, निर्णय लिने संयन्त्रहरु (जसमा अक्सफाम सचिवालय रहने सबै साझेदारहरूको सहभागितामा बनेको सञ्चालक समिति रहन्छ), कासाथै कार्यान्वयन प्रक्रिया र सर्तहरूमा झल्किएका छन् ।

साझेदारहरूले यस कोषलाई आफ्नो संस्थागत प्रशासकीय र व्यवस्थापकीय पक्षमा सुधार ल्याउन, सरोकारवालाको सन्तुष्टि सुधार गर्न, संस्थागत स्थायित्व र दीर्घकालीन क्षमता सुनिश्चित गर्न स्रोत परिचालन बढाउन तथा कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न अनुगमन, मूल्याङ्कन, उत्तरदायित्व, सिकाइ र दस्तावेजीकरण संयन्त्र स्थापना वा सबलीकरण उपयोग गरिरहेका छन् ।

यी गतिविधिहरु रणनीतिक योजनाहरूको निर्माण र विभिन्न नीति निर्माण र समीक्षा जस्ता संस्थागत विकासमा केन्द्रित भएका छन् । केही प्रमुख उपलब्धिहरूमा निम्न पर्दछन् :

- सात वटा साझेदार संस्थाहरूले आफ्नो भावी कार्यदिशाका लागि स्पष्ट रणनीति र पद्धतिहरूलाई जोड दिंदै संगठनात्मक रणनीतिक योजनाहरु तर्जुमा गरे । उनीहरूले आफ्नो लक्ष्य र रणनीतिहरु परिभाषित गर्न सहभागीतामूलक विधिहरूको प्रयोग गरेका थिए ।
- एउटा साझेदार संस्थाले संगठनात्मक विकास योजना तर्जुमा गरेको थियो ।
- मानक प्रक्रिया, नेपाल सरकारका नियम र वित्त, मानव संसाधन, सुरक्षा, लिङ्ग र विविधता र ठगी र भ्रष्टाचार निवारण जस्ता क्षेत्रमा आधारभूत मापदण्डहरूको पालना सुनिश्चित गर्न सकियोस् भन्नका लागि एघारवटा साझेदार संस्थाहरूमा २३ विभिन्न नीतिहरूको समीक्षा गरियो ।
- एघारवटा साझेदार संस्थाहरूमा १५ नयाँ नीतिहरु निर्माण गरी कार्यान्वयन गरियो ।

त्यसैगरी, अक्सफामका साझेदार गैरसरकारी संस्थाहरूको वित्तीय स्रोतको पहुँच र विविधता वृद्धिमा क्षमता विकास गर्ने हेतुले लीबर्डले पोखरामा प्रस्तावना लेखन कार्यशाला आयोजना गरेको थियो । यसमा ११ साझेदारहरूले सहभागिता जनाउँदै परियोजना अवधारणा विकास गर्ने अभिमुखीकरण र सीप हासिल गरे । म्यापिङ् अभ्यासले साझेदारहरूको विद्यमान पोर्टफोलियोहरूको विविधता मूल्याङ्कन गरेको थियो जसमा आर्थिक सहायता रकम, परियोजनाका प्रकार र आर्थिक सहायताका स्रोतहरु समावेश थिए । यसले खाद्य तथा पोषण सुरक्षा, विपद् जोखिम न्यूनीकरण, शिक्षा, पानी तथा सरसफाइ, महिला सशक्तिकरण, भूमिको हक, प्राकृतिक स्रोत व्यवस्थापन र संरक्षणजस्ता थुप्रै कार्यक्रमहरु उजागर गरेको थिया जसले भविष्यमा वित्तीय प्रस्तावनाका लागि आपसी सहकार्यका अवसरहरु पनि जुरायो । कार्यशालाको परिणामस्वरूप पाँचवटा भन्दा बढी नयाँ प्रस्तावनाहरु पेश गरिए ।

यसका अतिरिक्त, सबै साझेदारहरूले फण्डरेजिङको तालिम प्राप्त गरेका छन् र वार्षिक सदस्यता मार्फत गैरसरकारी संस्थाहरूको कोष (Funds for NGOs) मा पहुँच प्राप्त गरेका छन् । यस प्लेटफर्मले भावी वित्तपोषण अवसरहरु बारे जानकारी प्रदान गर्ने र प्रस्तावना विकासमा सहयोग गर्दछ जुन साझेदारहरूका लागि लाभदायक हुनेछ ।

## दातृ निकायहरू

- युरोपियन युनियन
- सीडा
- कोइका
- पाउल ड्यु जेन्सेन/ग्रुन्डफोस फाउन्डेसन
- वाइजी इन्टरटेनमेन्ट
- एन्टविकलङ्साइल्फ क्लब
- अक्सफाम जीबी
- अक्सफाम हङकङ
- अक्सफाम अमेरिका
- अक्सफाम नोभिब

## गैरसरकारी संस्था साझेदारहरू

- भेरी वातावरणीय विशिष्टता समूह (बीईई)
- बागमती सेवा समाज (बीडब्ल्यूएसएन) नेपाल
- सामुदायिक ग्रामीण विकास समाज (सीआरडीएस)
- सामुदायिक उत्थान पद्धतिका लागि मञ्च (फोकस) नेपाल
- निड्स नेपाल
- लीबर्ड
- ग्रामीण विकास केन्द्र (आरडीसी) नेपाल
- ग्रामीण महिला विकास तथा एकता केन्द्र (रूडुक), काठमाडौँ
- ग्रामीण महिला विकास तथा एकता केन्द्र (रूडुक), डडेल्धुरा
- सीमान्तकृत महिलाका लागि महिला संस्था (वाम)
- युवालय

# वित्तीय



कुल आय
३.३४ मिलियन पाउण्ड



कुल खर्च
३.०७ मिलियन पाउण्ड



गोविन्द भूल, प्रमिला देवी भूलका श्रीमान् हुन् र उनी घरको काममा सघाउँछन् ताकि प्रमिलाले सुदूरपश्चिम प्रदेशको डडेल्धुरा जिल्लास्थित गन्यापधुरा गाउँपालिका-३ को वडा सदस्यको आफ्नो कर्तव्य पूरा गर्न सकून्।
फोटोः रशिक महर्जन/अक्सफाम




लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानका क्रममा शक्तिशाली सन्देश प्रवाह गर्दै दार्चुला जिल्ला ब्याँस गाउँपालिका स्थित भूमिराज महिला आर्थिक सशक्तीकरण केन्द्रका सदस्यहरु "हिजो हामी बोल्न सक्दैन थियौँ, हामी डराउँथ्यौँ । तर आज हामी हाम्रो आवाज उठाउन र उजुरी दर्ता गर्न सक्छौँ ।" फोटो: सुस्मा पन्त/अक्सफाम


आर्थिक सशक्तिकरण
-५ तिग्रम
१६ दिने अभियान
अन्यको लागि ऐक्यबद्धता"

तपाईंसँग सुरक्षा सम्बन्धी कुनै चिन्ता वा प्रश्नहरु भएमा कृपया १६६००१५००७६ मा सम्पर्क गर्नुहोस् वा speakup@oxfam.org.uk मा इमेल पठाउनुहोस् । कार्यक्रमसँग सम्बन्धित प्रतिक्रिया र गुनासोहरूका लागि कृपया यहाँ सम्पर्क गर्नुहोस्ः

नम्बर–एनटीसी-९८५११७९३५८, एनसेल-९८०१५७१२०४

वेबसाइटः https://nepal.oxfam.org/

फेसबुकः https://www.facebook.com/OxfamInNepal

ट्वीटरः https://twitter.com/oxfaminnepal

इन्स्टाग्रामः https://www.instagram.com/oxfaminnepal